मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

आफ्नो ‘बेडरुम’सम्म विचौलियाको पहुँच छ भन्नेहरूलाई आरोप प्रमाणित गर्न प्रधानमन्त्रीको चुनौती



पृष्ठ ५ मा

वर्ष ३ | अंक १६४ | २०८२ साल वैशाख १५ गते सोमबार | Monday 28, April 2025 | सूर्योदय: बिहान ५:२९ बजे | सूर्यास्त: साँझ ६:३६ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## मधेशको स्वास्थ्य उपकरणमा ५२ करोड ४२ लाख भ्रष्टाचार भएको भन्दै एकैदिन चार मुद्दा दायर





मधेशदृष्टि
जनकपुरधाम ।
तत्कालीन प्रदेश नम्बर २ सरकार अर्थात मधेश प्रदेश सरकारले सामाजिक मन्त्रालयमार्फत मधेशका स्थानीय तहमा स्वास्थ्य उपकरण, फर्निचरलगायतका सामान खरिदमा करोडौँ भ्रष्टाचार भएको भन्दै चार वटा मुद्दा दायर गरेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आइतबार आर्थिक वर्ष २०७८–७९ मा मधेश प्रदेशको तत्कालीन सामाजिक विकास मन्त्रालयमार्फत प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरबाट निदान केन्द्रका लागि भएको खरिद सम्झौतामा भ्रष्टाचार भएको भन्दै विभिन्न शीर्षकमा विशेष अदालतमा चार वटा मुद्दा दायर गरेको हो ।
मधेश प्रदेशका ६४ स्थानीय तहमा जनस्वास्थ्य प्रयोगशाला (निदान केन्द्र) स्थापनामा भ्रष्टाचार भएको ठहरसहित अख्तियार विशेष अदालत पुगेको हो । सार्वजनिक खरिद नियमावली २०६४ मा भएको व्यवस्थाबमोजिम खरिद कार्यको गुरुयोजना नबनाइ, पूर्व सम्भाव्यता अध्ययन नगरी, उपयुक्त खरिद विधिसमेत नअपनाइ, बजेट माग गरिएको, उपकरण जडान हुने पालिकामा जनसंख्या र बिरामीको अवस्थाबारे उल्लेख नगरिएको भन्दै बदमासी भएको भनेर अख्तियारले मुद्दा दायर गरेको छ ।
काठमाडौँको सेभेन हिल्स प्रालिबाट मिलेमतोमा बदनियतपूर्वक कबोलपत्र र स्पेसिफिकेसनमा उल्लेख भए भन्दा रीत नाघेर अस्वाभाविकरुपमा बढी मूल्य तिरेर उपकरण खरिद गरी गलत रिपोर्ट पेश गरेर ५ करोड १ लाख ९० हजार ८० रुपैयाँ भुक्तानी गरिएको भन्दै कम्पनीसहित कर्मचारीलाई मुद्दा दायर गरिएको छ । अख्तियारले तत्कालीन प्रदेश जनस्वास्थ्य निर्देशनालयका निर्देशक डा. श्रवणकुमार मिश्र, वरिष्ठ ल्याब टेक्निसियन गुणानन्द प्रसाद साहलाई ५ करोड १ लाख ९० हजार ८० रुपैयाँ बराबरको भ्रष्टाचारमा कैद र जरिवाना मागदाबी गर्दै विशेष अदालतमा मुद्दा दायर गरेको छ ।
यही मुद्दामा वरिष्ठ ल्याब अधिकृत उमेश चौधरी, अधिकृत छैटौँ अमरदीप महतो र ल्याब असिस्टेन्ट कर्मशील प्रसाद गोपलाई पनि ५ करोड १ लाख ९० हजार ८० रुपैयाँ बराबरको बिगो दाबीमा जरिवाना र कैद माग गरिएको छ । यही मुद्दामा मधेश प्रदेश जनस्वास्थ्य प्रयोगशालाका मेडिकल ल्याब टेक्नोलोजिस्ट मनमोहन मिश्र र ल्याब टेक्निसियन निरीक्षक राम उद्गार यादवलाई पनि ५ करोड १ लाख ९० हजार ८० रुपैयाँ बराको बिगोदाबीमा कैद र सजायको मुद्दा दर्ता भएको छ ।
यस्तै, उपकरण ढुवानीकर्ता सेभेन हिल्स सिनामंगल, काठमाडौँका सञ्चालक अनिल शाहलाई पनि ५ करोड १ लाख ९० हजार ८० रुपैयाँ बराबरको बिगो दाबीसहित मुख्य कसुरदारसरह कैद र सजाय दाबी गरिएको छ ।
यो भन्दा बढी रकमको अर्को मुद्दा पनि अख्तियारले दायर गरेको छ । यही प्रकृतिका मधेशका ७२ वटा पालिकालाई जनस्वास्थ्य प्रयोगशाला निदान केन्द्रको खरिद सम्झौतामा बदमासी भएको, ठेक्का टुल्m याएर काम दिइएको, म्याद गुज्रिएका रिएजेन्ट प्रयोग भएको र पारिवारिक नाता पर्नेलाई स्वार्थवश ठेक्का दिइएको भन्दै अख्तियार विशेष अदालत पुगेको हो । मधेशको स्वास्थ्य उपकरणमा पटकपटक बदमासी गरिरहेको भनेर नाम आइरहने हस्पिटेक इन्टरप्राइजेजका सञ्चालक विशाल पण्डितको मिलेमतोमा कस्तुरी टे«ड लिंक, लाइफलाइन, टे«ड इन्टरनेशनल, मेडि सोलुसन इन्टरनेशनल र ट्रिनिटी फर्मास्युटिकल्सलाई बढीमा १० जना बिरामी हुने अस्पतालमा गलत रिपोर्ट बनाएर बदनियतपूर्ण हिसाबले २१ करोड ८९ लाख ३९ हजार ७ सय ६० रुपैयाँ भुक्तानी गरेको पाइएको हो । यो मुद्दामा अख्तियारले तत्कालीन सामाजिक विकास मन्त्रालयका सचिव इमनारायण श्रेष्ठ, लेखा अधिकृत नवीन दास, तत्कालीन वरिष्ठ स्वास्थ्य प्रशासक मुक्तिनारायण साहलाई पनि कसुरदार बनाएको छ । प्रदेश जनस्वास्थ्य निर्देशनालयमा तत्कालीन निर्देशक डा. श्रवणकुमार मिश्र, माइक्रोबायोलोजिस्ट जितेन्द्रकुमार साह, अमरेन्द्र कुमार मिश्र, दीपेन्द्र कुमार मिश्र, रमेशकुमार मण्डल, अमरदीप महतो, कर्मशील प्रसाद गोप, उमेश चौधरी र हस्पिटेकका सञ्चालक विशाल पण्डितलाई कसुरदारको मुद्दा दायर गरिएको हो । उनीहरुसँग २१ करोड ८९ लाख ३९ हजार ७ सय ६० रुपैयाँ बराबरको बिगोदाबी र सजायमा कसुरदार बनाइएको छ ।
यस्तै, अख्तियारले आइतबार नै यही प्रकृतिको अर्को मुद्दा पनि दायर गरेर मधेशमा भ्रष्टाचार कतिसम्म हुन्छ भन्ने उत्खनन् गरेर देखाएको छ । सामाजिक विकास मन्त्रालयकै मेडिकल सामग्री, इक्विपमेन्ट, फर्निचर, पूर्वाधारको ठेक्कामा बदमासी गरेको भन्दै ६ करोड ५ लाख ११ हजार ५ सय रुपैयाँको मुद्दा दायर गरिएको हो । यो मुद्दामा पनि प्रदेश स्वास्थ्य निर्देशनालयका तत्कालीन निर्देशक डा. श्रवणकुमार मिश्र, वरिष्ठ ल्याब टेक्निसियन गुणानन्द प्रसाद साह, वरिष्ठ ल्याब टेक्नोलोजिस्ट मनमोहन मिश्र, ल्याब टेक्निसियन निरीक्षक राम उद्गार यादव र सेभेन हिल्सका सञ्चालक अनिल शाहलाई मुख्य कसुरदार बनाएर मुद्दा दायर गरिएको छ । उनीहरुसँग ६ करोड ५ लाख ११ हजार ५ सय रुपैयाँ बिगोदाबीसहित सजायमा कसुरदार बनाएर मुद्दा दायर भएको हो ।
यस्तै, अर्को ठूलो मुद्दामा कुल बजेट २५ करोड ३८ लाख ५३ हजार १ सय २० रुपैयाँमै बदमासी भएको भन्दै मुद्दा दायर भएको छ । यसमा पनि हस्पिटेक इन्टरप्राइजेजका सञ्चालक विशाल पण्डितको मिलेमतोमा ठेक्का टुक्र्याएर बदमासी गरिएको भनिएको छ । मुद्दामा सामाजिक विकास मन्त्रालयका तत्कालीन सचिव इमनारायण श्रेष्ठ, लेखा अधिकृत नवीन दास, तत्कालीन वरिष्ठ स्वास्थ्य प्रशासक मुक्ति नारायण साह, तत्कालीन जनस्वास्थ्य प्रयोगशाला निर्देशक डा. श्रवण कुमार मिश्र, वरिष्ठ ल्याब टेक्निसियन निरीक्षक गुणानन्द प्रसाद साह, मेडिकल ल्याब टेक्नोलोजिस्ट मनमोहन मिश्र, ल्याब टेक्निसियन राम उद्गार यादव मतियार बनेका छन् । यस्तै, माइक्रो बायोलोजिस्ट जितेन्द्र कुमार साह, अमरेन्द्र कुमार मिश्र, ल्याब असिस्टेन्ट रमेश कुमार मण्डल, लेखा अधिकृत अमरदीप महतो, ल्याब असिस्टेन्ट कर्मशील प्रसाद गोप, वरिष्ठ ल्याब अधिकृत उमेश चौधरी र हस्पिटेकका विशाल पण्डितलाई मतियार बनाएर १९ करोड ४६ लाख १३ हजार १ सय २० रुपैयाँ बिगोदाबीसहित सजाय माग भएको छ ।
त्यतिखेर प्रदेश सरकारको सामाजिक विकास मन्त्री जसपा नेपालका नवलकिशोर साह सुडी थिए । उनी अहिले पार्टी फुटाएर जसपाका तर्फबाट केन्द्र सरकारमा मन्त्री छन् । मन्त्रालयका तत्कालीन सचिवसहित थुप्रै कर्मचारी यो प्रकरणमा मुछिएका छन् । मधेशको स्वास्थ्य उपकरण खरिदमा लामो समयदेखि मधेश सरकारका सबै पार्टीका प्रदेश सभा सदस्य, टाठाबाठालाई गुलियो चटाएर ठेक्का लिन बदमासी गरिरहेका हस्पिटेकका विशाल पण्डितबारे मधेशदृष्टिले लगातार समाचार प्रकाशन गरेको छ ।
उनको बदमासी अब ५२ करोड रुपैयाँ भन्दा बढी भ्रष्टाचार भएको भन्दै विशेष अदालतमै एकैदिन चार वटा मुद्दा दर्ता भएको छ । यिनै हस्पिटेकका सञ्चालक विशाल पण्डितको पत्नीका नाम कस्तुरी टे«ड लिंक छ । मधेशमा मिलाएर ठेक्का लिने फर्महरुमा पण्डितका ससुराको मेडि सोलुसन इन्टरनेशनल हो । उनकै दाजुले बिक्री गरेको लाइफलाइन टे«ड इन्टरनेशनल ललितपुर अर्को फर्म हो ।
कतिसम्म भने १९ करोड, ४६ लाख १३ हजार १ सय रुपैयाँ सामाजिक विकास मन्त्रालयले २०७९ असार २४ गते अर्थात् चेक काट्ने अन्तिम समयमा भुक्तानी भएको अख्तियारले जनाएको छ ।

## सानो पाइला सहकारीमा रविको संलग्नताबारे प्रतिवेदन तयार

मधेशदृष्टि
वीरगंज ।
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेविरुद्ध दर्ता भएको मुद्दा पर्सा प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमा पठाएको छ । बयान र अनुसन्धान सकिएपछि पर्सा प्रहरीले रास्वपा सभापति लामिछानेविरुद्ध ठगी तथा सङ्गठित अपराधको मुद्दामा कारबाहीको माग गर्दै शुक्रबार प्रहरी प्रतिवेदन सरकारी वकिलको कार्यालयमा बुझाएको हो । प्रहरीले बुझाएको प्रतिवेदनमा ४१ जनालाई प्रतिवादी बनाइएको पर्सा प्रहरी प्रवक्ता किशोर लम्सालले बताए । उनका अनुसार दुई वटा मुद्दाको अनुसन्धान सकिएपछि कारबाहीका लागि विभिन्न कम्पनी तथा व्यक्तिलाई प्रतिवादी बनाउँदै प्रतिवेदन अगाडि बढाइएको छ । यी मुद्दामा ३० जना व्यक्ति, तीन वटा सहकारी र ८ वटा विभिन्न कम्पनीलाई प्रतिवादी बनाइएको पर्सा प्रहरीले जनाएको छ ।
२ अर्ब ३० करोड १४ लाख २९ हजार ८ सय २९ रुपैयाँ बिगो माग दाबी गर्दै प्रहरी प्रतिवेदन सरकारी वकिलको कार्यालयमा पठाइएको प्रहरीले जनाएको छ



। त्यसमा कम्पनी र व्यक्तिको उत्तरदायित्वतर्फ १ अर्ब १२ करोड ६५ लाख २६ हजार ३ सय ९५ रुपैयाँ लिनुपर्ने माग गरिएको छ । यसैगरी स्वर्ण लक्ष्मी बहुउद्देश्य सहकारी संस्थासँग १ अर्ब १५ करोड ९१ लख ४४ हजार रुपैयाँ, सूर्यदर्शन सहकारी संस्थासँग १ करोड २० लाख रुपैयाँ र आसा एण्ड इन्टरनेशनलसँग ३७ लाख ९० हजार ३ सय ७९ रुपैयाँ फिर्ता लिनु पर्ने प्रहरी प्रतिवेदनमार्फत माग गरिएको प्रहरी प्रवक्ता लम्साल बताउँछन् ।
संसदीय छानबिनको समितिले अनुसन्धान गरेर लामिछानेमाथि मुद्दा दर्ता गरेर कारबाहीको प्रक्रिया अगाडि बढाउन निर्देशन दिएपछि पर्सा प्रहरीले मुद्दा दर्ता गरेर अनुसन्धान शुरु गरेको थियो । सानो पाइला बचत तथा ऋण सहकारी संस्थाको रकम अपचलन गरेको भन्दै लामिछानेसहितका व्यक्तिहरूमाथि मुद्दा दर्ता भएको थियो । प्रहरीका अनुसार शुरुमा २०८० साउन २१ गते ५२ जना, भदौमा २ सय ७ जना र २०८१ फागुन २ गते १ सय ७९ जनाले सानो पाइलाले रकम अपचलन गरेको भन्दै विभिन्न व्यक्तिलाई प्रतिवादी जाहेरी दर्ता गराएको थियो ।

## एमसिसीको दुई अर्ब बजेट फिर्ता

काठमाडौँ ।
चालु आर्थिक वर्षका लागि छुट्याइएको बजेट खर्च नहुने जनाउँदै विभिन्न निकायबाट पाँच अर्ब रुपैयाँ भन्दा बढी बजेट फिर्ता भएको छ ।
अर्थ मन्त्रालयका अनुसार चालुभन्दा पुँजीगत शीर्षकको बजेट फिर्ता बढी छ । निकायगत रुपमा विष्लेषण गर्दा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र मिलेनियम च्यालेञ्ज एकाउन्ट नेपाल विकास समिति (एमसिए–नेपाल) को बजेट फिर्ता सबैभन्दा बढी रहेको छ ।
अर्थ मन्त्रालयका सूचना अधिकारी अम्बिकाप्रसाद खनालका अनुसार चालुतर्फ पाँच करोड ३४ लाख रुपैयाँ र पुँजीगततर्फ पाँच अर्ब तीन करोड ८१ लाख रुपैयाँ बराबर बजेट फिर्ता भएको छ ।
चालुतर्फ सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले ९५ लाख, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले ३९ लाख, निर्वाचन आयोगले दुई करोड ४२ लाख र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले एक करोड ५८ लाख रुपैयाँ बजेट फिर्ता गरेको हो ।
पुँजीगततर्फ सबैभन्दा धेरै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले दुई अर्ब ३५ करोड ३४ लाख रुपैयाँ फिर्ता गरेको छ । एमसिए–नेपालले दुई अर्ब रुपैयाँ बराबर बजेट फिर्ता गरेको खनालले जानकारी दिए । पुँजीगततर्फ बजेट फिर्ता गर्ने अन्य निकायमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले ३६ करोड ७८ लाख रुपैयाँ, परराष्ट्र मन्त्रालयले ३० करोड रुपैयाँ र महालेखा परीक्षकको कार्यालयले एक करोड ६१ लाख रुपैयाँ फिर्ता गरेका छन् । गत वर्ष ७० प्रतिशत बजेट फिर्ता गरेको एमसिए–नेपालले यस वर्ष करिब ५८ प्रतिशत बजेट फिर्ता गरेको छ ।

## दुर्घटनामा ३ को मृत्यु, २२ घाइते

मधेशदृष्टि
राजविराज ।
तिब्र गतिमा रहेको यात्रुबाहक बस अनियन्त्रित भई दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ । एक महिलासहित दुई जनाको घटनास्थलमै र एक जनाको गोल्डेन अस्पताल विराटनगरमा उपचारक्रममा मृत्यु भएको हो । दुर्घटनामा २२ जना घाइते भएका छन् । आइतबार बिहान ११:४५ बजेतिर पूर्वपश्चिम राजमार्गअन्तर्गत सप्तरीको कञ्चनरुप नगरपालिका १० बदगामामा उदयपुरबाट विराटनगर जाँदै गरेको कोप्र १–०१–००१ ख ३४२० नम्बरको डल्फिन यातायातको यात्रुबहक बस दुर्घटनामा परेको हो । तिब्र गतिमा रहेको बस चालकले नियन्त्रण गुमाउँदा अचानक सडकमै पल्टिएको प्रत्यक्षदर्शीले बताए ।



घटनास्थल इलाका प्रहरी कार्यालय कञ्चनपुरबाट २ किलोमिटरको दूरीमा पर्दछ । दुर्घटनाको खबर पाएलगत्तै प्रहरी नायब उपरीक्षक माधव काफ्लेको नेतृत्वमा पुगेको प्रहरी टोलीले घाइतेको उद्दार गरी अस्पताल पठाएको थियो ।
प्रहरी नायब उपरीक्षक काफ्लेका अनुसार दुर्घटनामा सप्तरी, सप्तकोशी नगरपालिका–१ का ७५ वर्षीय रत्न बहादुर मग्राती तथा पहिचान खुल्न बाँकी ४५ वर्षीया महिला र ४६ वर्षीय पुरुष गरी ३ जनाको मृत्यु भएको छ । बसले चेपिएर २ जनाको घटनास्थलमै तथा मग्रातीको विराटनगरस्थित गोल्डेन अस्पतालमा उपचारक्रममा मृत्यु भएको उनले जानकारी दिए । पहिचान खुल्न नसकेका ती दुईको शव पोस्टमार्टका लागि गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा राखेर आफन्त पत्ता लगाउने काम भइरहेको छ । प्रहरीका अनुसार बसमा ३५ जना सवार थिए । जसमध्ये २२ जना घाइते भएका छन । उनीहरुको स्थानीय धर्मेश्वर अस्पताल तथा गम्भीर घाइते २ जनाको विराटनगरमा उपचार भइरहेको छ । घाइतेहरुले गाडी तिब्र गतिमा रहेको र एक्कासी सडकमै पल्टिएको बताए ।
दुर्घटनापछि फरार चालक झापाको मेची नगरपालिका–७ का ४७ वर्षीय अमृत दर्जीलाई खोजतलासक्रममा केहीबेरमै दुर्घटनास्थल आसपास क्षेत्रबाट पक्राउ गरिएको तथा बस र चालक दुवैलाई नियन्त्रणमा राखी अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय कञ्चनपुरले जनाएको छ ।

# पार्टी सुदृढ बनाउन जनताको बीचमा पुगेका छौँः अध्यक्ष दाहाल

**बाँके**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले पार्टीलाई सुदृढ बनाउन आफूहरु जनताको बीचमा पुगेको बताएका छन ।

आईतवार बाँकेको राप्ती सोनारी गाउँपालिका–६ स्थित फत्तेपुरमा माओवादी केन्द्रले सञ्चालन गरेको तराई मधेश जागरण अभियानअन्तर्गत आयोजित कार्यक्रममा बोल्दै उनले पार्टीका अभियान, विचार र सिद्धान्तलाई जनतासम्म पुर्याउन र जनताका समस्या बुझ्दै जनतासँग नजिकको सम्बन्ध स्थापित गर्न अभियान सफल भएको बताए ।

‘हामीले सरकारमा रहँदा सामाजिक न्याय र सुशासनको पक्षमा गरेको कामबारेमा जानकारी गराउने र तराई मधेसका सबै समुदायका जनतासँग सम्बन्ध जोड्दै पार्टीलाई सुदृढ बनाउने अभियानमा छौँ, उनले भने, ‘म पहिलो पटक यो राप्ती सोनारी गाउँपालिकामा आउँदा उत्साहित भएको छु यहाँको विकासको लागि गर्नुपर्ने काममा म प्रतिबद्ध पनि छु ।’

उनले बाँकेको राप्ती सोनारी क्षेत्रमा पछिल्लो समयमा विकास निर्माण र शिक्षा स्वास्थ्यको अवस्थामा सुधार भएको उल्लेख गर्दै सडक, स्वास्थ्य चौकी र राप्ती नदीको कटान रोक्न आफूले पहल गर्ने प्रतिबद्धता जनाए ।

पूर्वप्रधानमन्त्री प्रचण्डले आइतबारनै राप्ती सोनारी–७ मा राप्ती नदीले गरेको कटान तथा तटबन्धको स्थलगत निरीक्षण समेत गरे । कटान तथा तटबन्धको निरीक्षण गर्दै अध्यक्ष प्रचण्डले तत्काल तटबन्धको काम पूरा गरेर सो क्षेत्रका जनतालाई डुबान र कटानको त्रासबाट जोगाउन आवश्यक रहेको बताए ।

उनले तत्काल हुनसक्ने क्षतिको न्यूनीकरणका लागि उपलब्ध बजेटबाट काम अघि बढाउन तटबन्ध निर्माण आयोजना प्रमुखलाई निर्देशन दिँदै थप बजेटका लागि आफूले पनि पहल गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे ।

सो अवसरमा पूर्वमन्त्री माओवादी स्थायी समितिका सदस्य महेश्वर गहतराज अथक, पूर्वउपसभामुख पूर्णाकुमारी सुवेदी, लुम्बिनी प्रदेशका पूर्वमन्त्री कृष्णा केसी नमूना र वडा नम्बर सातका वडाध्यक्ष रामलखन थारूले राप्ती नदीले गर्दै आएको कटान, डुबानलगायतका समस्याका बारेमा अध्यक्ष प्रचण्डसमक्ष जानकारी गराउनु भएको थियो । माओवादी केन्द्र बाँकेका संयोजक नरेन्द्र पाण्डे जेम्सको अध्यक्षतामा भएको कार्यक्रममा पार्टी केन्द्रीय उपाध्यक्ष पम्फा भुसाल, सचिव चक्रपाणी खनाल बलदेव, प्रदेश अध्यक्ष सुदर्शन बराललगायतका नेताको सहभागिता रहेको थियो ।रासस

# मधेश प्रदेशबाट राम सर्राफको फोटो उत्कृष्ट

**मधेशदृष्टि**
**काठमाडौं ।**

राष्ट्रिय फोटो पत्रकार समूह (एनएफएपिजे) नेपालद्वारा आयोजित “पाँचौं राष्ट्रिय फोटो पत्रकारिता अवार्ड २०२५” कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ । शनिबार ललितपुरमा आयोजित कार्यक्रममा प्रमुख अतिथि प्रतिनिधि सभा सभामुख देवराज घिमिरे र विशेष अतिथि ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री दिपक खड्का लगायतको उपस्थितिमा ८ विधामा उत्कृष्ट फोटो पत्रकारहरूलाई अवार्ड प्रदान गरिएको हो ।

समूहले विभिन्न अवार्डका विधाहरूमा आवेदन खुला गरी पाँच जना नोमीनेसनबाट एक–एक जना विजेता छनोट गरी फरक–फरक विधामा अवार्ड वितरण गरेको हो ।

समारोहमा विभिन्न विधामा उत्कृष्ट प्रदर्शन गर्ने फोटो पत्रकारहरूलाई सम्मान गरिएको थियो। नेपाल टेलिकम दैनिक जीवन फोटो पत्रकारिता अवार्ड नयाँ पत्रिकाका दीपेन्द्र ढुंगानाले प्राप्त गरे। पन्चकन्या ग्रुप महिला फोटो पत्रकारिता अवार्ड गोरखापत्र दैनिककी कविता थापाले जितिन्। सूर्यज्योति लाइफ इन्स्योरेन्स राजनीतिक फोटो पत्रकारिता अवार्ड द हिमालयन टाइम्सका स्कन्द गौतमले पाए। डिश होम इन्टरनेट खेलकुद फोटो पत्रकारिता अवार्ड उदिप्त सिंह क्षेत्रीलाई प्रदान गरियो। कृषि विकास बैंक स्वतन्त्र फोटो पत्रकारिता अवार्ड नेपाल आर्मीका फोटो पत्रकार राजिब हेन्गाजुले जिते। एडभेन्चर आउटडोर पर्यटन तथा संस्कृति फोटो पत्रकारिता अवार्ड गोरखापत्र अनलाइनका मनोजरत्न शाहीलाई प्रदान गरियो। राष्ट्रिय वाणिज्य बैंक मनोरञ्जन फोटो पत्रकारिता अवार्ड अन्नपूर्ण पोस्ट डटकमका अभिषेक



महर्जनले पाए भने ग्लोबल आइएमइ बैंक आर्थिक फोटो पत्रकारिता अवार्ड अनलाइन खबर डटकमका चन्द्रबहादुर आलेले प्राप्त गरे ।प्रदेशस्तरमा समेत उत्कृष्ट फोटो पत्रकारहरूलाई सम्मान गरिएको थियो। गुर्खाज फाइनान्स कोशी प्रदेश फोटो पत्रकारिता अवार्ड रासस संखुवासभाका सुजन बज्राचार्यले पाए। मधेश प्रदेशतर्फ यात्रा डेलीका राम सर्राफ, बागमती प्रदेशतर्फ राससका नबिन पौडेल, गण्डकी प्रदेशबाट परिचय डटकमका प्रेम थापा, लुम्बिनी प्रदेशतर्फ कान्तिपुर दैनिकका माधव प्रसाद अर्याल, कर्णाली प्रदेशतर्फ हिमालय टेलिभिजनका अमृत कुमार बुढाथोकी र सुदूरपश्चिम प्रदेशतर्फ लोकेश साउदले अवार्ड जित्न सफल भए ।

समारोहमा जीवनभर फोटो पत्रकारितामा योगदान पुर्‍याएका वरिष्ठ फोटो पत्रकार देवेन्द्रमान सिंहलाई ’लाइफटाइम एचिभमेन्ट अवार्ड’ प्रदान गरिएको थियो। त्यस्तै, संस्थाका आजीवन सदस्य स्वर्गीय चुङ्बा शेर्पालाई मरणोपरान्त विशेष सम्मान प्रदान गरिएको थियो। राष्ट्रिय फोटो पत्रकार आपतकालीन राहत कोषमा योगदान गर्ने विभिन्न समाजसेवी तथा शुभेच्छुकहरूलाई पनि प्रशंसा पत्र प्रदान गरिएको थियो ।

पाँचौं राष्ट्रिय फोटो पत्रकारिता अवार्ड २०२५ का लागि निर्णय गर्न अध्यक्ष प्रदिपराज वन्तको संयोजकत्वमा वरिष्ठ फोटो पत्रकार शैलेन्द्र खरेल, नेपाल पर्यटन बोर्डका वरिष्ठ प्रबन्धक सूर्य थपलिया, सूर्यज्योति लाइफ इन्स्योरेन्सका ब्राण्डिङ एण्ड कम्युनिकेशन प्रमुख मेघेन्द्र प्रकाश गिरी, प्राज्ञा वास्तुकला तथा सृजनात्मक कला विभाग प्रमुख सौरगंगा दर्शनधारी र देश सञ्चारका सहसम्पादक मनोज दाहाल सम्मिलित निर्णायक मण्डल गठन गरिएको थियो ।

# बैङ्किङ कसूरसम्बन्धी विधेयकमाथि राष्ट्रियसभाको संशोधन प्रतिनिधिसभाबाट स्वीकृत

**काठमाडौँ ।**

बैङ्किङ कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० माथि राष्ट्रियसभाबाट भएको संशोधन प्रतिनिधिसभाले स्वीकृत गरेको छ । प्रतिनिधिसभाको आजको बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेले राख्नुभएको ‘बैङ्किङ कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० माथि राष्ट्रियसभाबाट भएको संशोधनमाथि विचार गरियोस्’ भन्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भएको हो ।

राष्ट्रियसभाबाट भएको संशोधनमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले राष्ट्रियसभाबाट प्राप्त भएका सुझावलाई समेटेर जाँदा विधेयक थप स्पष्ट र प्रभावकारी हुने सरकारको बुझाइ रहेको बताए । ‘राष्ट्रियसभाको सुझावप्रति मेरो सम्मान छ, त्यसलाई ग्रहण गर्नुपर्छ भन्ने दृष्टिकोण सभासमक्ष राख्दछु,’ उनले भने ।

त्यसअघि सांसद प्रेम सुवालले मुलुकको सन्तुलित विकास र जिल्लाभित्रै मात्र बसाइँसराइ हुने व्यवस्था गरिए बैङ्किङ कसूर स्वतः नियन्त्रण हुँदै जाने बताए । सांसद सराज अहमद फारुकीले विधेयकमाथि राष्ट्रियसभाबाट प्राप्त सुझावलाई समेटेर जानुपर्नेमा जोड दिए ।रासस

# लगानी बोर्डको सङ्गठन संरचना खाका स्वीकृत

**काठमाडौँ ।**

प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा आईतवार भएको लगानी बोर्डको ६१औँ बैठकले बोर्डको रणनीति तथा व्यावसायिक योजना कार्यान्वयनका लागि आवश्यक पर्ने सङ्गठन संरचनाको खाकालाई स्वीकृत गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा भएको बैठकले विभिन्न निर्देशनालयसहितको सङ्गठन संरचनाको खाकालाई स्वीकृत गरेको हो । पाँच वर्षे उक्त रणनीतिले ४२ परियोजनाको सम्झौता गर्दै अधिकतम १४ परियोजना निर्माण, ११ परियोजना सन्चालन तथा ९२ निजी लगानीका परियोजनाहरु लगानी स्वीकृत गर्ने लगायतका लक्ष्य लिएको बोर्डका सहसचिव एवम् प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायले. जानकारी दिए ।

बैठकमा बोर्डका अध्यक्ष ओलीका साथै उपाध्यक्ष उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी, कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारी, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, मुख्यसचिव एकनारायण अर्याललगायत सहभागी थिए । रासस

# पत्रकार कार्की माथी हमला गर्ने माथी कारबाही गर्न प्रेस चौतारीको माग

**काठमाडौं ।**

प्रेस चौतारी नेपालले आज प्रहरी–शिक्षक झडपमा घाइते भएकी पत्रकार सबिना कार्की माथी भएको घटनाको छानबिन गर्न माग गरेको छ ।

काठमाडौंको नयाँ बानेश्वरमा शिक्षकहरूको आन्दोलनको क्रममा प्रहरीसँगको झडपमा परी प्राइम टेलिभिजनकी संवाददाता सविना कार्कीको आँखामा गम्भीर चोट लागेको घटनाप्रति प्रेस चौतारी नेपाल गम्भीर ध्यानआकर्षण भएको जनाएको हो । आन्दोलनरत शिक्षक र प्रहरीबीच काठमाडौंको नयाँबानेश्वरमा भएको झडपको समाचार संकलन गरिरहेको अवस्थामा प्रहरीले हानेको पानीको फोहोरा आँखामा परेर पत्रकार कार्कीको दुबै आँखामा गम्भीर चोट लागेपछि प्रहरी आफैले बोकेर वीर अस्पतालको ट्रमा सेण्टर हुँदै तिलगंगा आँखा अस्पताल लगेको विवरण प्राप्त भएको जनाएको छ ।

चौतारीका महासचिव हिरामान लामाले एक प्रेस बिज्ञप्ति जारी गर्दै भने, ‘नागरिक सुसूचित गराउने धर्म निर्वाह गर्न कर्मथलोमा खटिएकी श्रमजीवी पत्रकारमाथि भएको यो घटनाको प्रेस चौतारी नेपाल घोर निन्दा एवं भत्सर्ना गर्दै घटनाको अनुसन्धान गरी दोषीमाथि कडा कानुनी कारवाही गर्न, घाइते पत्रकार कार्कीको उपचारको व्यबस्था मिलाउन तथा क्षतिपूर्तिका लागि जोडदार माग गर्दछ । साथै, समाचार संकलनमा खटिएका पत्रकारलाई सुरक्षाको प्रबन्ध गर्न प्रेस चौतारी राज्यसँग माग जोडदार गर्दछ ।’


मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
शिक्षा विकास निर्देशनालय
जनकपुरधाम, धनुषा ।

घर भाडामा लिने सम्वन्धी सूचना ।

(प्रथम पटक प्रकाशन मितिः २०८२।०१।१५)

शिक्षा विकास निर्देशनालय मधेश प्रदेश, जनकपुरधाम धनुषाको लागि तपशीलमा उल्लेख भए बमोजिमको घर स्टोर प्रयोजनको लागि भाडामा लिन आवश्यक भएकोले घर भाडामा दिन इच्छुक घरधनीले के कति मासिक दर रेटमा भाडामा दिन सक्ने हो ? सो समेत खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र अर्थात २०८२।०१।३० गते कार्यालय समय भित्र रु १० को टिकट टाँसी तपसिलमा उल्लेखित कागजात सहित गोप्य शिलबन्दी निवेदन शिक्षा विकास निर्देशनालय जनकपुरधाम धनुषामा पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१. घर वहालमा लिने कार्यालयको नामः शिक्षा विकास निर्देशनालय ,मधेश प्रदेश, जनकपुरधाम धनुषा ।
२. वहालमा लिन चाहेको घर भएको क्षेत्र : जनकपुरधामको पिडारी चौकको वरीपरीको स्थानमा रहेको घर ।
३. आवश्यक कोठाको संख्या र साइज :
   कोठा संख्या : ५ वटा कोठा
   साइज : स्टोर प्रयोजनको लागि उपयुक्त साइज ( सानो / ठूलो गरी )
४. शौचालय कर्मचारी र सार्वजनिक प्रयोगको लागि कम्तिमा २ वटा
५ कम्पाउण्ड र पार्किङ :- कम्पाउण्ड वाल भएको, कम्तिमा १ वटा चारपाङ्गे हलुका सवारी पार्किङ गर्न मिल्ने ।
६. बाटो : कम्तिमा १३ फिटे र चार पाङ्गे हलुका सवारीको लागि चालु अवस्थामा रहेको बाटो ।
७. अन्य सुविधाः - नियमित पानी तथा विजुलीको आपूर्ति रहेको , ढल निकास सुविधा भएको ।
८. घरभाडा निर्धारण :- उल्लेखित सर्त पुरा गरेका घरधनीबाट पेश भएका प्रस्ताव मध्ये न्युनतम प्रस्ताव घरभाडा निर्धारण समितिले निर्णय गरे बमोजिम हुने ।
९. घरभाडा भुक्तानीको किसीम :- घरभाडा निर्धारण समितिले निर्धारण गरे अनुसारको घरभाडामा नियमानुसार लाग्ने वहाल कर कट्टी गरी मासिक भुक्तानी गरिने छ ।

संलग्न गर्नुपर्ने कागजातहरु

१. दररेट खुल्ने रितपूर्वकको निवेदन ।
२. जग्गा धनी प्रमाणपूर्जाको प्रतिलिपि ।
३. भवनको नक्सा पास गरेको पत्रको प्रतिलिपी ।
४. आ.व.२०८१।०८२ सम्मको सम्पति कर तिरेको रसिदको प्रतिलिप ।
५. घरधनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
६. घरको नक्सा ।

अन्य जानकारीको लागि यस शिक्षा विकास निर्देशनालयमा सिधै आई वा ९८५४०२१११० मा सम्पर्क गर्न सकिने छ । तोकिएको समय भन्दा पछि पेश भएका निवेदन उपर कुनै कार्यवाहि नहुने र घर भाडा लिने/नलिने सम्बन्धी सम्पूर्ण अधिकार शिक्षा विकास निर्देशनालयमा हुनेछ ।



मधेश प्रदेश सरकार
उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय
पर्यटन विकास कार्यालय
लहान, सिरहा

बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सुचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/०१/१५)

उपरोक्त सम्बन्धमा यस कार्यालयद्वारा मिति २०८१/१२/०८ गते राष्टिय दैनिक पत्रिकामा प्रकाशित निम्न बमोजिमका शिलबन्दी बोलपत्र आव्हान **(e-bidding)** सम्बन्धि सुचना तथा www.bolpatra.gov.np/egp मा समेत प्रकाशित सुचना अनुसार निर्धारित समय भित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये सबै भन्दा कम मुल्यमा कबोल गर्ने सारभूतरुपमा प्रभावग्राही तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र यस कार्यालयको मिति२०८२/०१/१२ गतेको निर्णय अनुसार स्वीकृतिको लागी छनौट गर्ने निर्णय गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा २७ को उप-दफा २ तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सुचना प्रकाशन गरिएको छ |

तपशिल :

| सि. नं. | ठेक्का नं | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क र पि.एस बाहेक ) |
|---|---|---|---|---|
| १. | 20/NCB/WORKS/TDOSIRAHA/2081/82 | hanumaan mandir nirmaan, kabristaan astarunnati ra khaki baba pokharima chatghat nirmaan ra mushari nira bhagwati mandir astarunnati karya, rupani ga pa 2 purano tole pauwa, wada 5,sambhunath na pa 10, Saptari | **Sky Star Builders, Rajbiraj-8, Saptari** | २८,४२,७२९.३४/- |
| १. | 21/NCB/WORKS/TDOSIRAHA/2081/82 | birtatolema jit narayanko ghar nira shiv mandir nirmaan, marewa dakchin tole pokhari ko dil ma ram janki mandir nirmaan, mirchaiya na. pa. 1,karjanha na pa 7, Siraha | **Bikash Construction, Bariyarpatti-4, Siraha** | ३८,८८,३०१.६२/- |

कार्यालय प्रमुख

सम्पादकीय

# मधेशका मन्त्रालयहरुको काममा प्रश्नैप्रश्न

*मधेश प्रदेश सरकारका मन्त्रालयहरुको कामकाजबारे प्रश्नहरु उठेका छन् । सबैभन्दा बढी नेकपा एमालेले नेतृत्व गरेका मन्त्रालयहरुको कामकाजमा प्रश्न उठेको छ । भौतिक पूर्वाधार विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालयका काममा अत्यधिक प्रश्न उठ्ने गरेको छ । एमालेका नेताहरु जो मधेश प्रदेशमा सम्भावनायुक्त थिए, उनीहरुको कामकाजमा प्रश्न उठ्नु राम्रो होइन । अर्कातिर प्रश्न उठेपछि समयमा उत्तर नदिनु, मौन रहनु र उत्तर दिनुका सट्टा लाञ्छनाको पिताम्बर ओढेर आफू चोखो देखिन खोज्नु झन कमजोरी हो । कामका सिलसिलामा उठ्ने प्रश्नको उत्तर दिएर आफूलाई सबैसँग उस्तै पारदर्शी र विनम्र चरित्रमा उतार्न नसक्नु पदमा रहेका बेला लाग्ने राजनीतिक मोतियाबिन्दु मात्रै हो । यो मोतियाविन्दुले पदमा रहँदा त साथ दिन्छ, पदमा पुग्न र जनतामा माझ सक्रिय देखिन भने फेरि समस्या हुनेछ।*

*उसो त लोकतान्त्रिक समाजवादी पार्टी नेपालले सम्हालेका मन्त्रालयका मन्त्रीहरुको काममा पनि भारी प्रश्न उठेको छ । शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारीको मन्त्रालयले ५८ वर्ष हद राखेर प्रदेश स्वयम् शिक्षक माग गरेपछि यसको सर्वत्र आलोचना भएको छ । यो आलोचना थेग्न मन्त्री तिवारीलाई निकै हम्मे परेको छ । उनले पार्टीसँग सल्लाह गरेर यस्तो आवेदन माग गरेको पनि पाइएको छैन । आमजनताले बुझ्दा पार्टीका नेता कार्यकर्ता भर्तीका लागि यस्तो मापदण्ड बनाएको भनिए पनि उनको माउपार्टीले मन्त्रीले यसबारे केही नबताएको र विज्ञापनबारे पनि कुनै जानकारी नरहेको भनेर टक्टकिएपछि मन्त्रालयका काममा विवादमा लोसपाका मन्त्रीहरु पनि कम छैनन् । मन्त्रालय कम भए पनि विवादित काममा लोसपाका मन्त्रीहरु पनि बदनाम नै छन् ।*

*यता कांग्रेसको भागमा परेको अर्थमन्त्रालयसहित केही मन्त्रालयहरुको काममा मन्त्री चन्दा उनका आसपासका नेता कार्यकर्ताको चुरिफुरीले मुख्यमन्त्रीको पार्टी जनमत र साझेदार एमाले पनि आजित भएको छ । अर्थमन्त्रालयले समयमा सहमति नदिएर समस्या त पारेकै थियो, त्यसमा पनि कांग्रेसका भागमा परेका मन्त्रालयहरुमा कृषि मन्त्रालय स्वास्थ्य मन्त्रालयकै लयमा अनियमितताको सिकार भइरहेको देखिन्छ ।*

*पर्साका नेता जनार्दन सिंह क्षेत्री मन्त्री रहेको कृषि मन्त्रालयमा उपकरणका ठेक्कापट्टामा कर्मचारी, मन्त्रालयका सचिव, कृषि निर्देशनालयका निर्देशक त आएको मौकामा हात चाट्ने नै भए, मन्त्रीका एकजना नातेदारले मन्त्री भन्दा बढी चुरिफुरी गरेपछि मुख्यमन्त्री सचिवालयमा पनि यस विषयमा चर्चा चल्न थालेको छ । फेरि पनि कागज मिलाएर खाने मामलामा अरुले कांग्रेससँग कसरी सक्नु ?*

# अनुदानको विकल्प ऋण होइन

*चीनले नेपाललाई चारवटा सुक्खा र तीनवटा सामुद्रिक बन्दरगाह उपलब्ध गराउने घोषणा भएको ९ वर्ष बितिसक्दा पनि परिणाम शून्य छ । उत्तरी छिमेकी चीनसित दुई पक्षीय व्यापारमा नेपालले ठूलो आयतनको व्यापार घाटा भोग्दै आएको छ । उत्तरी नाकामा नेपाली व्यापारीलाई दुःख दिने काम विगत एकदशकदेखि भइआएको छ । चीनले नेपालमा निर्यात मात्रै गर्ने तर नेपाली उत्पादनलाई आफ्नो देशमा भित्रिन नदिएका कारण नेपाल–चीन दुई पक्षीय व्यापारमा नेपालको निर्यात १० प्रतिशत छ भने चीनको ९० प्रतिशत ।*



**श्रीमन नारायण**

चिनियाँ राष्ट्रपति सि चिनफिङको महत्वाकांक्षी आर्थिक परियोजना बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआइ) नेपालमा कार्यान्वयनमा आउने निश्चित जस्तै छ । बिआरआइअन्तर्गत चीनले चर्को ब्याजदरमा ऋण उपलब्ध गराउने गर्दछ । युद्धग्रस्त देश, लामो गृहयुद्धपश्चात विकासको पर्खाइमा रहेको देश, निरंकुश र तानाशाहले सञ्चालन गरेको देश सोभियत संघबाट अलग भएर अस्तित्वमा आएका केही देशहरु अमेरिकाको प्रभावबाट दुःखी देशहरु र दक्षिण एसियामा भारतको भय देखाएर लामो समयसम्म सत्तामा बस्ने चाहना राखेका दक्षिण एसियाली देशहरुका नेतालाई आफ्नो प्रभावमा पार्न चीनले बिआरआइको ऋणलाई एउटा पासोको रुपमा अघि सारेको छ। बिआरआइको ऋण प्रस्ताव सुन्नमा आकर्षक र विकासमा सहयोगी सावित हुने जस्तो लागे पनि यथार्थ ठीक यसको विपरीत छ। बिआरआइको ऋण लिएका देशहरु आर्थिक रुपले सम्पन्न भएको एउटा पनि उदाहरण छैन तर बिआरआइको ऋण पासोमा परेर समयमै ऋण चुक्ता गर्न नसकेका कारण कतिपय देशहरुले आफ्नो रणनीतिक महत्वका बन्दरगाह, द्वीप तथा हवाईअड्डा ९९ वर्षको निम्ति चीनलाई सुम्पिनु परेको तीतो यथार्थ उदाहरणका रुपमा उपस्थित छ । कुनै जमानामा ब्रिटिस शासकहरुले पनि विश्वका कतिपय देशका रणनीतिक महत्वका प्रतिष्ठानहरुलाई ९९ वर्षको निमित्त भाडामा लिएको र पछि त्यस देशमा शासन चलाएको विश्व इतिहास छ । उपनिवेशवाद साम्राज्यवाद र पुँजीवाद जस्ता शब्द सर्वाधिक रुपमा वामपन्थी दलका नेता, बुद्धिजीवी र लेखकहरुकै शब्दकोषका उपज हुन । बिआरआइ पनि उपनिवेशवाद र विस्तारवादको नै अस्त्र हो किनभने श्रीलंकाले आफनो हम्बनटोटा बन्दरगाह चीनलाई ९९ वर्षका निम्ति लिजमा दिएको थियो।

बिआरआइको ऋणलाई नेपालको हितमा रहेको सावित गर्न नियमितरुपमा उत्तरी छिमेकी चीनका लेखक, प्राध्यापक, विद्वान र राजनीतिज्ञको नेपाल आउजाउ भइरहेको देखिन्छ। चीनदेखि नेपालसम्म यस विषयमा नियमित रुपमा गोष्ठी र अन्तरक्रिया भइरहेका छन् । चिनियाँ भन्दा पनि बढी चीन समर्थक रहेका नेपालका वामपन्थी विद्वान र राजनीतिज्ञहरु त विदेशी सहयोगी र अनुदान भन्दा राम्रो चिनियाँ ऋणलाई नै सावित गरिरहेका छन् । आफूलाई कट्टर राष्ट्रवादी सावित गर्नेहरुको हुलले ऋणलाई अनुदान भन्दा पनि राम्रो सावित गर्नु र जीवन वीमाका कर्मचारीले बाँच्नु भन्दा मर्नु नै लाभदायक रहेको सावित गर्नु कुरा एउटा हो । नास्तिक मतका चारवाकले भनेका थिए, 'यावत जीवेत सुखम् जीवेत् ऋणमा कृत्वा घृतम् पिवेत।' जति दिन बाँचौं, सुखपूर्वक बाँचौं, ऋण काढेर भए पनि घ्यु खाने गरौं' भन्ने सोच हाम्रो देशमा पनि छ । हाम्रो देशमा पनि ऋणलाई देशहितमा बताउनेहरुको अभाव छैन । बिआरआइको ऋण लिएका देशहरुमध्ये कसैले पनि आजसम्म यसलाई राम्रो भनेका छैनन्।

उत्तरी छिमेकी चीनसित प्रत्यक्षरुपमा नेपालको कहिल्यै सम्बन्ध थिएन। बौद्ध धर्म, संस्कृति र परम्पराको गौरवशाली देश तिब्बतसित नेपालको घनिष्ठ धार्मिक एवम् सांस्कृतिक सम्बन्ध थियो । बौद्ध धर्म संस्कृतिको प्रभाव नेपालको उत्तरी भेगमा र तिब्बतमा थियो । चीनले तिब्बतलाई आफ्नो नियन्त्रणमा लिएपछि स्वाभाविकरुपमै नेपालको सम्बन्ध तिब्बतसित हुन गयो । माओको सांस्कृतिक क्रान्तिको प्रभाव तिब्बतमाथि सर्वाधिकरुपमा प¥यो। तिब्बतका धार्मिक नेता र शासक दलाइ लामाले त उहिल्यै तिब्बत छाडिसके । 'त्रिविस्टिप' को अपभ्रंस तिब्बत नामले यो भूभाग विश्व प्रसिद्ध थियो। अब त यसको नयाँ नाम सिजियाङसमेत भइसकेको छ। नेपालमा राष्ट्रवादका नारा दिनेहरु राष्ट्रको ऐतिहासिक धरोहर, संस्कृति, मान्यता र परम्पराको चिन्ता गर्दैनन्।

सन् २०१९ को अक्टोबरमा चिनियाँ राष्ट्रपति सि चिनफिंगको नेपाल भ्रमणका दौरान दुई देशबीच विभिन्न २० वटा सम्झौतामा हस्ताक्षर भए । ती हस्ताक्षर भएका सम्भाmौताको सुचिमा "बेल्ण्ड एण्ड रोड इनिसिएटिभ सहकार्यको कार्यान्वयन योजना समेत थियो। उपरोक्त २० वटा सम्झौता मध्ये अधिकांश कागजमै सिमित छन् । नेपाल र चीनबीच धेरै सम्झौता भएका छन् तर जुन जुन सम्झौतावाट चीनलाई बढी लाभ भईरहेको हुन्छ, त्यस सम्झौताको कार्यान्वयन उ बढी ध्यान दिन्छ होइनभने विभिन्न बहानामा रोकिराखेको हुन्छ। चिनियाँ राष्ट्रपति सिले बिआरआइ सहकार्यलाई 'अहस्तक्षेप, समानता र आपसी लाभका सिद्धान्तमा आधारित हुने बताएका थिए तर स्वयम् उनकै तीन अन्य महत्वाकांक्षी परियोजना ग्लोबल सेक्युरिटी इनिसिएटिभ (जिएसआइ), ग्लोबल सिभिलाइजेसन इनिसिएटिभ (जिसिआइ) र ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ (जिडिआइ) को प्रस्तावसमेत अगाडि बढाउने काम भएबाट यसलाई अहस्तक्षेपकारी कसरी नमान्ने ?

एक जना चिनियाँ विद्वानले हालै काठमाडाँमा आयोजित एउटा विचार गोष्ठीमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाललाई व्यक्तिगत स्वार्थभन्दा उठेर राष्ट्रिय चासोलाई प्राथमिकता दिई चीनसँग ७५० मेगावाटको पश्चिम सेती जलविद्युत् आयोजनाको जग बसालेको भन्दै प्रशंसा गरे तर एक दशकसम्म चिनियाँ ठेकेदारहरुले त्यस परियोजनालाई आफ्नो जिम्मामा लिए पनि पूरा गरेनन् । वामपन्थी नेताका प्रधानमन्त्रित्वकालमा त्यस परियोजनाको पटकपटक म्याद बढाइ चिनियाँ निर्माण कम्पनीलाई सहयोग पु¥याउने धेरै काम भयो तर पनि त्यस जलविद्युत् आयोजनालाई पूरा गर्ने काम भएन।

चिनियाँ विज्ञले पूर्व प्रधानमन्त्री झलनाथ खनालले सन् २०१७ मा नेपाल–चीनबीचको पहिलो बिआरआइ समझदारीपत्रमा हस्ताक्षर गरेको र वर्तमान प्रधानमन्त्री केपी शर्मा ओली प्रधानमन्त्री रहेका बेला नै चीन–नेपाल–ट्रान्स हिमालय बहुआयामिक सम्पर्क सञ्जाललाई तीव्र गतिमा बढाएका थिए भन्नुको अर्थ नेकपा एमालेका तीनवटै नेताको प्रतिनिधित्वकालमा चीनसित नेपालको राम्रो सम्बन्ध रहेको बताउन खोजिएको छ।

सन् २०१५ मा मधेशवादी राजनीतिज्ञहरुले निर्माणाधीन संविधानमा, विगतमा आफूहरुसित भएको सम्झौतालाई समावेश गरिनुपर्ने माग राख्दै सडक आन्दोलनमा उत्रिएका थिए। सडक आन्दोलन क्रमशः तीव्र हुँदै सीमा नाका केन्द्रित हुनपुगेको थियो । स्वाभाविकरुपमा नै सीमानाका अवरुद्ध भएपछि नेपालको आयात–निर्यात व्यापार प्रभावित भएको थियो। करिब तीन महिनासम्म सीमा नाका अवरुद्ध भएको कुरालाई विचार गोष्ठीमा उल्लेख गर्ने चिनियाँ विज्ञले चीनले भूकम्पको नाममा र पछि कोरोनाको बहानामा आठ वर्षसम्म उत्तरी नाका बन्द गरी नेपालको आयात–निर्यात मात्रै ठप्प गरेन अपितु त्यस क्षेत्रका नेपाली नागरिकलाई भोकै बस्न बाध्य पारेको कुराको स्मरण गरेनन् । सीमानाका अवरुद्ध भएका कारण मानसरोवर नजिकको एउटा पोखरीबाट जल ल्याउन नसकिएको कारण एक वर्षसम्म त पश्चिम नेपालको एक हिमाली मन्दिरमा पूजासमेत हुन सकेन। दक्षिणी छिमेकी भारतसितको सीमाना तीन महिना अवरुद्ध हुँदा नेपालको जनजीवन अस्तव्यस्त हुन पुगेको थियो। तर उत्तरी छिमेकी चीनले ९ वर्षसम्म पनि नेपालको उत्तरी सीमानाका बन्द गर्दा नेपाल र नेपालीलाई सामान्य क्षति पनि भएन। यसले नै सावित गर्दछ कि हाम्रा निम्ति कुन छिमेकी उपयुक्त हो ?

चीनले नेपाललाई चारवटा सुक्खा र तीनवटा सामुद्रिक बन्दरगाह उपलब्ध गराउने घोषणा भएको ९ वर्ष बितिसक्दा पनि परिणाम शून्य छ। उत्तरी छिमेकी चीनसित दुई पक्षीय व्यापारमा नेपालले ठूलो आयतनको व्यापार घाटा भोग्दै आएको छ । उत्तरी नाकामा नेपाली व्यापारीलाई दुःख दिने काम विगत एकदशकदेखि भइआएको छ। चीनले नेपालमा निर्यात मात्रै गर्ने तर नेपाली उत्पादनलाई आफ्नो देशमा भित्रिन नदिएका कारण नेपाल–चीन दुई पक्षीय व्यापारमा नेपालको निर्यात १० प्रतिशत छ भने चीनको ९० प्रतिशत । छिमेकी रोज्न सकिँदैन, बलियो छिमेकीसित झगडा पनि गर्नुहुँदैन तर कुन छिमेकी राष्ट्रसितको सुमधुर सम्बन्धले हाम्रो देशलाई लाभ पु¥याउन सक्दछ, यसबारे नेपालीहरु अवगत छन् । विदेशी विद्वानले आफनो व्यापारिक लाभका लागि आफ्नो प्रशंसा गर्नु स्वाभाविकै हो। तर नेपालले नमागेको सुझाव दिनु उचित होइन । बिआरआइमा आउने ऋण पासो कहिल्यै नेपालको हितमा हुने छैन । नेपालले मित्र राष्ट्रहरुसित अनुदान लिने प्रयास गर्नुपर्छ, ऋण होइन।

# फेन्चाइज प्रतियोगिताले फुटबलमा ल्याएको उत्साह



**राजु सिलवाल**

नेपालमा लिग फुटबल नै आयोजना हुन नसकिरहेको वर्तमान अवस्थामा निजी क्षेत्रकोतर्फबाट सञ्चालन गरिएको फ्रेन्चाइज फुटबल प्रतियोगिताले नेपाली फुटबल खेलाडीहरूलाई प्रतिभा प्रदर्शन गर्ने उचित अवसर दिएको छ । नेपाल स्पोर्टस् एण्ड इभेन्ट म्यानेजमेन्टद्वारा आयोजित नेपालकै सबैभन्दा पहिलो फेन्चाइज खेलकुद प्रतियोगिताको तेस्रो संस्करण करिब एक महिनासम्म सञ्चालन भएको थियो।

मुलुकको फुटबलको विकासका लागि रहेको आधिकारिक संस्था अखिल नेपाल फुटबल सङ्घले पूर्वघोषित नकआउट फुटबल प्रतियोगितासमेत गर्न नसकेको अवस्थामा मुलुकका विभिन्न सात जिल्लाको प्रतिनिधित्व रहेको एनएसएल फुटबल प्रतियोगिताको गत शनिबार सम्पन्न फाइनलमा ललितपुर सिटी फुटबल क्लबले पोखरा थण्डर्सलाई एक गोलकाविरूद्ध दुई गोल प्रहार गरी उपाधि रक्षा गर्न सफल भएको थियो। सो खेलको मध्यान्तरअघि समय समाप्त हुनु तीन मिनेटअघि ललितपुरका तर्फबाट नाइजेरियाका खेलाडी इमोह इजेकेले पहिलो गोल गरेका थिए । मध्यान्तरपछि ६३औँ मिनेटमा पोखराका सुदील राईले गोल फर्काएर खेललाई बराबरको स्थिति बनाए पनि ७४औँ मिनेटमा ललितपुरका लागि पापा इबोउ केबेले दोस्रो गोल गरेर अग्रता दिलाएका थिए।

गत वर्ष पनि विजेता रहेको ललितपुर टिमका कप्तान अनन्त तामाङले आफ्नो टिमलाई लगातार दोस्रोपटक उपाधि दिलाउन सफल भएका छन् । कप्तान तामाङ स्तरीय खेलाडीहरू रहेका पोखरा टिमले कडा प्रतिस्पर्धा गरेकाले फाइनल जित्न सजिलो नभएको बताउँछन् । यो प्रतियोगितामा इङ्गल्याण्डका प्रशिक्षक साइमन ग्रेसनको प्रशिक्षणमा ललितपुरले अपराजित टिमका रूपमा स्थापित हुन सफल भएको छ। पोखरा टिमका कप्तान आयुष घलानले सर्वोत्कृष्ट खेलाडी घोषित बन्दै दुई लाख ५० हजार रुपैयाँ पुरस्कार जित्न सफल भएका छन्। उनले आगामी वर्ष राम्रो नतिजा ल्याउन आफ्नो टिमले प्रयास गर्ने धारणा व्यक्त गरे। पोखरा टिमका गोलकिपर गिलामो प्रिसोले पाँच खेलमा एक गोल पनि नखाएर एक लाख रुपैयाँको उत्कृष्ट गोलकिपर पुरस्कार जितेका थिए । प्रथम विजेता ललितपुर टिमका सन्तोष खत्रीलाई प्रतियोगिताको इमर्जिङ तथा मणिकुमार लामालाई इनरजेटिक खेलाडीका रूपमा जनही एक–एक लाख पुरस्कार प्रदान गरिएको थियो । प्रतियोगिता अवधिभर सर्वाधिक नौ गोल गर्न सफल धनगढी फुटबल क्लबका खेलाडी अहमद हिजानीलाई सर्वाधिक गोलकर्ताको पुरस्कार पाएका थिए। प्रतियोगितामा छैठौँ भएको झापा टिमले एउटै रेड कार्ड नपाएर प्रतियोगिताको फेयर प्ले पुरस्कार पाएको थियो । यस्तै नेपाली महिला राष्ट्रिय फुटबल टिमकी खेलाडी प्रिति राईलाई आयोजकले स्कुटर प्रदान गरेका प्रोत्साहित गरेका थिए।

पोखरा टिम प्रारम्भिक चरणमा दुई खेलमा पराजित भए पनि प्रशिक्षक सुमन श्रेष्ठले पछि क्रमशः खेलमा रणनीति परिवर्तन गर्दै टिमलाई फाइनलसम्म लैजान सफल भएका थिए । फाइनलमा पनि पोखराले प्रारम्भदेखि नै कडा चुनौती दिएको देखिएको थियो यसअघि लिग चरणमा पनि ललितपुरले पोखरा टिमलाई पराजित गरिसकेको थियो । 'अब खेल्छ नेपाल' नारा दिइएको एनएसएल प्रतियोगितामा नेपाली दर्शकहरू नेपाली तथा विभिन्न देशमा व्यावसायिक फुटबल खेलिरहेका विदेशी खेलाडीहरूको खेल हेर्ने अवसर पाएका थिए।

फाइनलको दिन दशरथ रङ्गशाला टन्नै भरिएको थियो । फुटबलप्रेमीहरूले टेलिभिजनको प्रत्यक्ष प्रसारणका साथै विभिन्न सामाजिक माध्यमबाटसमेत खेल हेरेका थिए। तर प्रतियोगिता अवधिभर निर्धारित समयमा निर्णय हुन नसकी अतिरिक्त समय थप गरिएको तथा टाइब्रेकरबाट खेलको निर्णय भएको क्षण भने दर्शकहरूले अनुभव गर्नु परेन।

यस प्रतियोगितामा नेपाली खेलाडीहरूले एकैटिममा रहेर विदेशी खेलाडीहरूसँग खेल्ने मौका पाएका थिए । विदेशी प्रशिक्षक तथा खेलाडीहरूबाट नेपाली खेलाडीहरूले थप खेल कौशल सिक्न पाए जसको दुरगामी महत्व रहेको छ। विदेशमा रहेका नेपालीहरू तथा विदेशी खेलाडीहरूलाई समेत यो प्रतियोगिता नेपालप्रति आकर्षण गर्ने एउटा माध्यम बनेको छ । व्यावसायिक खेलको जग नबनिसकेको नेपालमा खेलाडीहरूलाई अक्सन गर्दै लाखौं पारिश्रमिक दिएर खेलाउनु, विभिन्न देशबाट करोडौं खर्च गरेर खेलाडीहरू आमन्त्रण गर्नु त्यति सहज छैन । प्रतियोगिताको आयोजनाका साथै विभिन्न क्लबकालागि निजी क्षेत्रका तर्फबाट गरिएको लगानीको प्रतिफल उठ्न अझै केही वर्ष धैर्य गर्नुपर्ने स्थिति रहेको देखिन्छ । तर यस्ता प्रतियोगिताको निरन्तरताले खेलकुद क्षेत्रलाई समृद्ध बनाउँदै लैजान सकिने छिमेकी मुलुकहरूमा भइरहेको खेल गतिविधिबाटै प्रष्ट हुन्छ।

नेपालको राष्ट्रिय फुटबल टिममा नरहेका खेलाडीहरूले अब एनएसएल फुटबल प्रतियोगिताका माध्यमबाट निकट भविश्यमा देशको प्रतिनिधित्व गर्ने अवसर पाउने निश्चित छ । नेपाली राष्ट्रिय फुटबल टिमका वर्तमान मुख्य प्रशिक्षक म्याट रस खेल हेर्न रङ्गशालामा उपस्थिति हुने गरेका थिए। नेपाली खेलाडीले यस प्रतियोगितामा गरेको खेल प्रदर्शनबाट उनीहरूले आगामी दिनमा विदेशका अन्य व्यावसायिक क्लबमा समेत खेल्न पाउने सम्भावनाको ढोका खुलेको छ।

## करोडौँको पुरस्कार

एनएसएल फुटबलमा पुरस्कार मात्र करोडौँ रूपैयाँ वितरण गरिएको थियो । प्रथम भएको टिमले ८० लाख रुपैयाँ पुरस्कार प्राप्त गरेको थियो भने दोस्रो टिमलाई र ३० लाख रुपैयाँ प्रदान गरिएको थियो । अघिल्लो संस्करणमाभन्दा यसपटक प्रथम र दोस्रो भएको टिमको पुरस्कारमा १० लाख रुपैयाँ वृद्धि गरिएको थियो। अघिल्लो वर्ष प्रथम भएको टिमले ७० लाख रुपैयाँ र दोस्रो टिमले २० लाख रुपैयाँ पुरस्कार पाएको थियो । यसैगरी विभिन्न विधामा उत्कृष्ट भएका खेलाडीहरूलाई प्रदान गरिएको लाखौं नगद पुरस्कारले पनि प्रतियोगिताको बजेट बढ्न गएको थियो।

## पहिलोपटक 'रेड कार्ड' खारेज

प्रतियोगिताअन्तर्गत भएका केही खेलमा विवाद पनि भएका थिए । फाइनलमा समेत प्रतिस्पर्धी टिमबीचको बिबादले बिग्रन लागिसकेको स्थितिलाई भारतीय रेफ्री रामदशनले सम्हालेका थिए । धनगढी र ललितपुरबीचको खेल बढी विवादास्पद मानिएको थियो । खेलका क्रममा ललितपुर एफसीका मिडफिल्डर मणिकुमार लामालाई रेफ्रीले 'रेड कार्ड' देखाएर मैदानबाट निष्काशित गरेका थिए। तर अपिल गरिएपछि भएको छानबिनमा मणि निर्दोष देखिएपछि उनलाई दिइएको 'रेड कार्ड' खारेज गरी फाइनलमा खेल्न अनुमति दिइएको थियो।

नेपालको फुटबल इतिहासमा यसरी रेफ्रीले देखाइसकेको 'रेड कार्ड' खारेज गरिएको यो पहिलो हो । प्रतियोगिताकै दौरानमा म्याच डाइरेक्टर र रेफ्रीलाई समेत हातपातको प्रयाससमेत हुनु सामान्य घटना होइन। अनुशासनकै कारण पोखरा टिमलाई आयोजक समितिका तर्फबाट ५० हजार रुपैयाँ जरिवाना समेत गरिएको थियो । श्रम स्वीकृति नभएका खेलाडीलाई खेलाइएकामा बिरोध गरिदा खेल १८ मिनेट ढिलो शुरू भएको जस्ता घटना पनि प्रतियोगितामा भएका थिए।

## विश्व प्रसिद्ध फुटबलरको उपस्थिति

एनएसएल फुटबलका सिलसिलामा विश्वमै चर्चित मानिएका ब्राजिलका फुटबलका हस्ती रोबर्टो कार्लोसको नेपाल आगमनले पनि नेपाली खेलाडी तथा फुटबल प्रेमीहरूको उत्साह थपेको थियो । उनको नेपाल भ्रमण दुई दिनको मात्र भए तापनि नेपालको फुटबल इतिहासमा महत्वपूर्ण मानिएको छ । उनको भ्रमणका माध्यमबाट नेपालको विश्वमा प्रचार भएको छ। उनले ढाका टोपी लगाएर खिचेको फोटोलाई विभिन्न सञ्चार माध्यमले प्रकाशित गरेका थिए। दशरथ रङ्गशालामा रोबर्टो कार्लोसले प्रहार गरेको फ्रि किकले सबैलाई रोमान्चित गरिदिएको थियो । अझ खुसीको कुरो ललितपुर एफसीका गोलकिपर सुमित श्रेष्ठले ब्राजिलका विश्वकप विजेता फुटबल टिमका हस्ती कार्लोसले प्रहार गरेको पहिलो फ्रि किक नै गोल हुनबाट जोगाएर प्रशंसा बटुलेका थिए। फ्रि किक प्रहारका क्रममा कार्लोसले दुई गोल गरेका थिए भने उनको केही प्रहार बाहिर गएको थियो।

ब्राजिलका रोबर्टो कार्लोसले विश्वकै उत्कृष्ट लेफ्ट ब्याकको परिचय बनाउन सफल भएका थिए। सन् १९९८ को विश्वकपको उप बिजेता तथा सन् २००२ को विश्वकप विजेता टिमका सशक्त खेलाडी रहेका उनले ब्राजिलको राष्ट्रिय टिमका तर्फबाट १२५ भन्दाबढी खेल खेलेका थिए । रियल म्याड्रिड टिमलाई विभिन्न उपाधि दिलाउन उनको प्रमुख योगदान रहेको थियो । तर यस्तो विश्व विख्यात खेलाडीको दशरथ रङ्गशालामा उपस्थिति हुँदा पनि रङ्गशालामा दर्शकहरू उल्लेख्य उपस्थिति नहुनुलाई दुःखद् मान्न सकिन्छ।

विश्वमा कोभिडको प्रकोप भई खेल गतिविधि शून्य भएको अवस्थामा पनि एनएसएल फुटबल प्रतियोगिता आयोजना गरेर आयोजकहरूले प्रशंसनीय कार्य गरेका थिए। नेपालमा फुटबलबाट शुरू भएको फ्रेन्चाइज प्रतियोगिताहरू क्रिकेट, भलिबल, कबड्डीलगायत खेलहरूमा विस्तार भैसकेको छ। नेपालमा खेलकुद गतिविधि विस्तार गर्न यस्ता प्रतियोगिताको महत्वपूर्ण भूमिका हुने गर्दछ। तर हालसम्मको स्थितिलाई मूल्याङ्कन गर्दा खेलकुदमा लगानी गर्ने निजी क्षेत्रले अझै केही वर्ष धैर्य गर्नु पर्ने स्थिति देखिएको छ।

नेपालमा खेलकुदको बजार सीमित भएकाले तत्कालका लागि प्रतिफल आइहाल्ने स्थिति देखिँदैन । यस्ता प्रतियोगिता अझै धेरै आवश्यक भएको स्वयं खेलाडीहरूले बताएका छन्। नेपालमा हाल 'ए' डिभिजनका फुटबल खेलाडीहरूले समेत आवश्यक प्रतियोगिता खेल्न नपाइरहेको स्थितिमा खेलाडीहरूको मनोबल बढाएर पलायन हुनसक्ने स्थिति रोक्न पनि प्रतियोगिताहरू निरन्तर आयोजना भइरहनु पर्दछ । यसपाली एनएल फुटबलमा खेलाडीहरूले एक महिनासम्म हासिल गरेको अनुभवको सकारात्मक प्रभाव छिट्टै देखिनेछ । आगामी जेठमा हङ्गकङ्गमा हुने मैत्रीपूर्ण फुटबल खेलमा एनएसएल फुटबलमा मैदानमा उत्रेका केही खेलाडीहरूको पनि सहभागिता रहनेछ।

सरकारको प्रयासमा मात्र मुलुकको खेलकुद विकास असम्भव भएकाले उत्साहका साथ प्रतियोगिता आयोजनाका साथै टिम सञ्चालनमा सक्रिय भइरहेको निजी क्षेत्रलाई यथाशक्य प्रोत्साहित गर्न राष्ट्रिय खेलकुद परिषद्, अखिल नेपाल फुटबल सङ्घजस्ता संस्थाले उचित योजना नै बनाउनु जरूरी देखिएको छ । आयोजकले पनि एनएसएल फुटबलका तीन वटा प्रतियोगिता राजधानीमै केन्द्रित गरिसकेपछि अब आगामी वर्षका प्रतियोगिता बाहिरी जिल्लामा पनि विस्तार गर्नसके मोफसलमा छरिएर रहेका प्रतिभाशाली खेलाडीहरूका साथै फुटबल प्रेमीहरू लाभान्वित हुन जाने कुरामा विश्वस्त हुन सकिन्छ। रासस

# आफ्नो 'बेडरुम'सम्म विचौलियाको पहुँच छ भन्नेहरूलाई आरोप प्रमाणित गर्न प्रधानमन्त्रीको चुनौती




**काठमाडौँ ।**
प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आफ्नो बेडरुमसम्म विचौलियाको पहुँच छ भनेर लाञ्छित गर्नेहरू आरोप प्रमाणित गर्न चुनौती दिएका छन ।

मदनभण्डारी फाउण्डेशनको चौथो राष्ट्रिय सम्मेलनको आईतवार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले राजनीतिमा छिर्के दाउ हाल्ने, षड्यन्त्र गर्ने र झेली खेलाडीले लाज—सरम पचाएर यस्ता आरोप लगाउँछन् भने ।

देशमा एमाले र नेपाली कांग्रेसको सहभागितामा सरकार बन्नु समयको आवश्यकता हो भन्दै उनले राजनीतिक स्थायित्व, विकास र सुशासनले गति लिन लागेका बेला सरकार र नेतृत्वविरुद्ध झुठा आरोप लगाउन थालिएको बताए । उनले भने– एमालेले आफू्लाई आगामी निर्वाचनमार्फत निर्णायक राष्ट्रिय शक्तिमा रुपान्तरण गर्ने लक्ष्यमा छौँ । हामी हाम्रा सही विचार, इमान र सत्यको राजनीतिबाट स्थापित हु्न्छौँ ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा थाइल्याण्डबाट फर्केपछि सरकार ढल्छ भनेर भ्रम फैलाउनेहरुको टाउकामा अहिले चिसो पानी खन्याइएको महसु्स भएको उनले टिप्पणी गरे ।

पार्टीभित्रको राजनीतिका हकमा धेरै आलोचनात्मक चेतमा जोड दिनु नपर्ने उल्लेख गर्दै प्रधानमन्त्रीले विश्लेषणात्मक चेत राख्न सु्झाव दिए । 'पार्टीभित्र एकताको चेत चाहिन्छ । विरोधीको आरोपको खण्डन गर्नुपर्छ । विरोधीसँग लड्न नसक्ने अनि पार्टीभित्र आलोचनात्मक चेत बोक्ने बाटो सही बाटो होइन', उनले भने ।

# सबै क्षेत्र र भूगोललाई समेट्ने गरी बजेट बनाउनुपर्नेमा ऊर्जामन्त्रीको जोड



**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले सबै क्षेत्र र भूगोललाई समेट्ने गरी बजेट निर्माणमा लाग्नुपर्नेमा जोड दिएका छन । ऊर्जा मन्त्रालयमा आईतवार भएको चालु आर्थिक वर्षको खर्चसम्बन्धी समीक्षा बैठकमा उनले आगामी आवको बजेट सबै क्षेत्र, भूगोल र आवश्यकतालाई समेटेर बनाउनुपर्ने बताए ।

'आयोजना प्रमुखले कति खर्च गर्नसक्ने हो, खर्च गर्नसक्ने बजेट मात्र मागौँ, थालिएका आयोजना समयमा सम्पन्न गरौँ', मन्त्री खड्काले भने । बजेटको न्यायोचित वितरण हुनुपर्ने भन्दै उनले मन्त्रालयको कामलाई थप प्रभावकारी बनाउन प्रविधिको प्रयोगमा जोड दिनुपर्ने उल्लेख गरे ।

ऊर्जामन्त्री खड्काले मन्त्रालयभित्र हुने अनावश्यक खर्च रोक्नुपर्ने धारणा राख्दै मातहतका सबै निकाय र कर्मचारीले नतिजा देखिने गरी काम गर्नुपर्ने बताए ।

ऊर्जा सचिव सुरेश आचार्यले राष्ट्रिय गौरवका बहुउदेश्यीय आयोजनाको सन्तोषजनक प्रगति हुन नसकेको बताए ।

उनले आगामी आवको बजेट तथा कार्यक्रमलाई नयाँ ढङ्गले अगाडि बढाउनुपर्नेमा जोड दिँदै विनियोजित बजेट कार्यान्वयनमा सबै इमान्दार बन्नुपर्ने उनको भनाइ छ ।

सचिव आचार्यले सरकारले भर्खरै ल्याएको ऊर्जा विकासका लागि मार्गचित्रको लक्ष्यलाई हासिल गर्न बजेटको अपर्याप्तता रहेको भन्दै बजेटको सिलिङ बढाउन मन्त्रालय प्रयासरत रहेको बताए ।सिँचाइ सचिव सरिता दवाडीले राष्ट्रिय गौरवका आयोजनालाई अगाडि बढाउँदा एउटा आयोजनामा खर्च हुन नसकेको बजेट अर्को आयोजनामा लगाउने गरी अगाडि बढ्नुपर्ने धारणा राखे । उनले भूमिगत सिँचाइलाई प्राथमिकता दिनुपर्ने उल्लेख गर्दै किसानका खेतमा पानी पुगेपछि मात्र सिँचाइको उपदेहिता देखिने उनको भनाइ थियो ।सचिव दवाडीले आगामी आवका लागि चालु आवभन्दा कम बजेटको सिलिङ प्राप्त भएको भन्दै यसलाई बढाउन मन्त्रालयले पहल गरिरहेको बताए ।रासस

# नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने विषयमा संसदीय समितिको सुझाव



**काठमाडौँ ।**
राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिले आगामी आर्थिक २०८२÷८३ का नीति तथा कार्यक्रम मुलुकको दिशा स्पष्ट गर्ने र जनता विश्वस्त हुने किसिमले तय गर्नुपर्ने विषयमा सरकारलाई आग्रह गर्ने निर्णय गरेको छ ।

समितिको आईतवारको बैठकले राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व राज्य सञ्चलानको मार्ग निर्देशन हुने र तिनको कार्यान्वयनका लागि आवश्यकतानुसार स्रोतसाधन राज्यले परिचालन गर्ने÷गराउँनेछ भन्ने उल्लेख भएकाले उक्त व्यवस्थालाई दृढतापूर्वक कार्यान्वयनका लागि सुझाव दिने निर्णय गरेको हो ।

समितिले नीति कार्यक्रम तर्जुमा गर्दा बजेट तथा कार्यक्रमबाट सम्बोधन हुनसक्ने यथार्थमा आधारित भएर प्रस्तुत गर्न सरकारलाई अनुरोध गरेको सभापति ठाकुरप्रसाद गैरेले बताए ।

सुरुङमार्ग, केवलकार, विद्युतीय रेललगायत आधुनिक यातायातका साधन सञ्चालनका लागि आवश्यक उच्चस्तरीय र मध्यमस्तरीय जनशक्ति उत्पादनको ठोस् योजना तय गर्न तथा विदेशबाट फर्किएका नेपाली कामदारको अनुभवको भरपुर उपयोग गरी आफ्नै जनशक्ति र साधनस्रोतबाट पूर्वाधार विकासमा जोड दिन पनि सरकारको ध्यानाकर्षण गराइएको उनले बताए ।

दिगो विकासका लक्ष्य हासिल गर्न आवश्यक मार्गदर्शन नीति तथा कार्यक्रममा समावेश गर्न तथा जलवायु परिवर्तनका असरलाई मध्यनजर गरी योजना निर्माण तथा कार्यक्रम सञ्चालन गर्न पनि समितिले सरकारलाई सुझाव दिएको छ । बैठकले फलाम, तामालगायत धातुजन्य उद्योगलाई आवश्यक पर्ने जनशक्ति उत्पादन गर्न विश्वविद्यालयलाई पाठ्यक्रमसहित अध्ययन÷अध्यापन गर्न÷गराउन र उत्खननको ठोस् खाका प्रस्तुत गर्न पनि सुझाव दिने निर्णय गरेको छ ।

समितिले वन पैदावारको उचित उपयोग गर्न व्यवधान गर्ने कानुन तत्काल संशोधन गर्ने विषयमा नीतिमा उल्लेख गर्ने, मूलतः वन ऐन र राष्ट्रिय निकुञ्ज ऐनमा भएका व्यवधानजन्य कानुनलाई संशोधन र परिमार्जन गर्न तथा वनको वैज्ञानिक प्रयोग, काठ कटान गरी आयात प्रतिस्थापन र कटानको अनुपातमा वृक्षरोपणको व्यवस्था गर्दै तत्काल काठ र फर्निचरजन्य वस्तु आयात कम गर्ने नीति लिन पनि भनेको छ ।

वन पैदावर क्षेत्रलाई आन्तरिक रोजगारीको मूलक्षेत्र बनाउन तथा रुख कटानसम्बन्धी वर्तमान व्यवस्था, सो व्यवस्थाले पारेको असर र प्रभावको गम्भीर समीक्षा गर्ने नीति लिन सुझाव दिइएको छ ।

समितिले विकास पर्यावरणीय तथा पर्यटनमैत्री हुने गरी नीति तथा कार्यक्रममा समावेश गर्न तथा. कुनै एक वा दुई कृषि बालीमा आत्मनिर्भर हुने नीति यही नीति कार्यक्रममा घोषणा गर्न भनेको छ ।

कृषि उपज आयातलाई न्यूनीकरण गर्दै उच्चदरको आयात करमार्फत स्वदेशी कृषि उपजलाई संरक्षण गर्न तथा खेतीयोग्य कुनै पनि जग्गा बाँझो नराख्ने नीति उद्घोष गर्न पनि सरकारलाई सुझाव दिइएको सभापति गैरेले बताए । जलविद्युत् आयोजना सञ्चालनमा जलाशययुक्त आयोजनालाई उच्च प्राथमिकता दिने, यस्ता आयोजनालाई 'रन वे रिभर' आयोजनाभन्दा बढी कर, दस्तुरलगायत सुविधा दिने र सार्वजनिक निजी सझेदारीलाई पहिलो प्राथमिकता दिने नीति लिन पनि सुझाइएको उनले उल्लेख गरे ।

बैठकले शिक्षा नीतिमा सुधार गरी शिक्षालाई वैज्ञानिक, व्यवहारिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउन तथा नयाँ शिक्षा ऐन तत्काल जारी गर्ने प्रतिबद्धता व्यक्त गर्दै विद्यालय शिक्षकको समस्या तत्काल समाधान गर्ने नीति लिन र समग्र विश्वविद्यालयका समस्या समाधान गरी स्वतन्त्र कार्य वातावरणको नीति उद्घोष गर्न पनि भनेको छ ।

समितिले राष्ट्रिय गौरवका आयोजना कति आव भित्र पूरा गर्ने हो ? तिनको ठोस् कार्यतालिका तय गर्ने नीति लिन तथा राष्ट्रिय महत्व भएका आयोजनालाई मात्र राष्ट्रिय गौरवका भनी नामाकरण गर्न पनि भनेको छ । आयोजना थप गर्नेभन्दा भइरहेका आयोजना पहिला पूरा गर्ने ठोस् प्रस्ताव यस नीति तथा कार्यक्रममा ल्याउन सुझाव दिइएको छ ।

बैठकले उद्योगको स्थापना तथा रुग्ण उद्योगको पुनःनिर्माण गरी मुलुकभित्र रोजगारीका अवसर सिर्जना गर्ने र त्यस्ता स्वदेशी उद्योगबाट उत्पादित सामग्री सरकारी निकायमा अनिवार्य प्रयोग गर्ने नीति लिन पनि सरकारलाई सुझाव दिएको छ । समितिले राज्यको दायित्व अन्तरगत राज्यका निर्देशक सिद्धान्त र नीतिको कार्यान्वयन गर्ने प्रतिबद्धता नीति तथा कार्यक्रममा जोड दिन आग्रह गरेको छ ।

# 'बजेट परम्परागत र वितरणमुखी हुनुहुँदैन'

**काठमाडौँ ।**
प्रतिनिधिसभाको आईतवारको बैठकमा नेपाली कांग्रेस सांसद राजेन्द्रकुमार केसीले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट परम्परागत र वितरणमुखी नभई आवश्यकताका आधारमा जनता केन्द्रित हुनुपर्नेमा जोड दिएका छन ।

बैठकको विशेष समयमा उनले देश र जनतालाई केन्द्रित गरेर नीति कार्यक्रम र बजेट तर्जुमा नहुँदा आर्थिक समृद्धिले गति लिन नसकेको बताए । उनले भने, 'यसअघिका सबै बजेट परम्परागत भएकाले विकासले गति लिन सकेन, कुनै पनि बजेटले उत्पादन र रोजगारी वृद्धिका साथै निर्यात बढाउन सकेको छैन ।'



सांसद केसीले स्रोतसाधनलाई अध्ययन गरेर आत्मनिर्भरमुखी र कृषिमा आधारित बजेट ल्याउन सरकारलाई सुझाव दिए । 'बजेट ल्याउनुभन्दा तीन महिनाअघिदेखि बजेटका बारेमा छलफल गर्नुपर्ने भनिए पनि त्यसो हुन सकेको छैन, यही अधिवेशनमा करिब ३२ वटा विधेयक पारित गर्नुपर्ने छ, तर पनि मेरो अनुरोध छ, यो अधिवेशनले सबैभन्दा बढी ध्यान बजेटमाथिको छलफललाई प्राथमिकता दिनुपर्छ', उनले भने ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद पदम गिरीले वर्तमान सरकार मुलुकको आर्थिक समृद्धिमा केन्द्रित भइरहेको बताउँदै मुलुक र जनताको आवश्यकताका आधारमा बनेको सरकारले जनभावना सम्बोधन गर्ने धारणा राखे । 'वर्तमान सरकार जनता केन्द्रित विकास, निर्माणमा लाग्ने प्रतिबद्धता अनुसार गठन भएको हो । सरकारमा सहभागी दलहरू सो सहमतिप्रति प्रतिबद्ध छन्, मुलुकमा सुशासन र विकास कायम गर्न र विकासलाई अगाडि बढाएर लैजान सरकार प्रतिबद्ध छ', उनले भने ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद माधव सापकोटाले सरकारले जनभावना सम्बोधन गर्नुपर्नेमा जोड दिँदै संविधान र कानुन नमान्ने, बेथिती र विकृति बढाउने गतिविधि कसैले गर्न नहुने धारणा राखे । उनले यस्ता गतिविधि गर्ने जोकोहीलाई कानुनी दायरामा ल्याउन सरकारको ध्यानाकर्षण गराए । 'प्रतिपक्षले सत्तापक्षलाई रुपान्तरण गर्न खबरदारी गर्ने हो, रुपान्तरित हुँदै जनताप्रति इमान्दार हुनु सबैको दायित्व हो', उनले भने । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद मनिष झाले वर्तमान सरकारले युवापुस्ताको राजनीतिक भविष्य समाप्त पार्ने अगाडि बढ्न नहुने सुझाव दिए ।

सरकारले गर्ने नियुक्ति र सिफारिस दक्षता र विज्ञाताका आधारमा गनु्पर्नेमा उनले जोड दिए । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सचेतक ज्ञानबहादुर शाहीले सरकारले जुनसुकै अवस्थामा पनि जनताको जीउधनको सुरक्षा गर्नुपर्नेमा जोड दिए । तीनकुने घटनाको न्यायिक छानबिन समिति गठन गर्न माग गर्दै उनले ठूला भ्रष्टाचारका घटनाको छानबिन गरी दोषीलाई कारबाही गर्न सरकारको ध्यानाकर्षण गराए ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सांसद राजेन्द्र पाण्डेले प्रदर्शनरत शिक्षक, आवासीय चिकित्सक, लघुवित्त तथा सहकारीपीडितको माग सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराए । जनता समाजवादी पार्टीका सांसद रञ्जुकुमारी झाले वितरणमुखी नभई उत्पादन र रोजगारमुखी बजेट ल्याउन सुझाव दिए । 'पहुँचका आधारमा नभई जनताको आवश्यकताका आधारमा बजेट बनोस", उनले भनिन ।

नागरिक उन्मुक्ति पार्टीका सांसद लालवीर चौधरीले प्रदर्शनरत शिक्षकको माग तत्काल सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराए ।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले पहुँचका आधारमा अनुत्पादक क्षेत्रमा बजेट विनियोजन नगर्न सुझाव दिँदै जनतालाई केन्द्रमा राखेर बजेट र नीति कार्यक्रम ल्याउन आग्रह गरे ।

राष्ट्रिय जनमोर्चाका सांसद चित्रबहादुर केसीले जनताले आन्दोलनमार्फत फ्याँकेको राजतन्त्र कुनै पनि हालतमा नफर्कने उल्लेख गर्दै राजतन्त्रका पक्षमा झुटको खेती नगर्न पूर्वराजा समर्थकलाई सुझाव दिए । आम जनता पार्टीका सांसद प्रभु साहले वर्तमान सरकारले सुशासन आयोग गठन गरेसँगै यसको प्रभावकारी कार्यसम्पादनमा जोड दिनुपर्ने बताए ।

सांसद चन्दा चौधरीले भारतको जम्मुकस्मिरस्थित पहलगाममा भएको आतङ्कवादी हमलाको निन्दा गर्दै आतङ्कवादी आक्रमण विपक्षमा उभिएर नेपालले भारतलाई दृढ समर्थन गर्नुपर्ने बताईन । सांसद नारायणप्रसाद आचार्यले आत्मनिर्भर अर्थतन्त्र निर्माण, स्थानीय उत्पादन र रोजगारी अभिवृद्धिमा तीनै तहकार सरकारबीच समन्वय आवश्यक भएको बताए । सांसद मुक्ताकुमारी यादवले राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनको 'भाटभटेनीको मदिरा लुटपाटमा कांग्रेस सहमाहमन्त्रीको छोरा संलग्न'सम्बन्धी अभिव्यक्ति संसद्को रेकर्डबाट हटाउन माग गरिन ।रासस

# स्थानीय तहमा आपत्कालीन गोदाम घर बनाउनुपर्नेमा जोड

**काठमाडौँ ।**
गृहमन्त्री रमेश लेखकले विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यका लागि स्थानीय तहहरूमा आपत्कालीन गोदामघर स्थापना गर्नुपर्नेमा जोड दिएका छन । आईतवार गृहमन्त्रीसँग विपद् संवाद शुभारम्भ कार्यक्रममा उनले विपद्का घटनासँग सबैभन्दा नजिक स्थानीय तह हुने गरेकाले त्यसलाई मजबुद बनाउन आवश्यक रहेको बताए ।

'यहाँबाट तपाईं हामी बसेर नीतिनिर्माण गर्ने हो', गृहमन्त्री लेखकले भने, 'यसलाई लागू गर्ने भनेको स्थानीय तहले भएकाले स्थानीय तहरूलाई सक्षम बनाउन पनि आपत्कालीन गोदाम घर अनिवार्य आवश्यकता हो ।' उनले हरेक स्थानीय तहमा आपत्कालीन गोदामघर स्थापना गरेर त्यस आधारभूत सामग्रीहरू राख्नुपर्ने बताए । 'प्रत्येक पालिकमा गोदामघर बनाऔँ, त्यो भनेको छुट्टै घर, जग्गा, गोदाम बनाउनुस् भनेको होइन । प्रत्येक पालिकाका आफ्ना कार्यालय छन्, ती कार्यालयको एउटा कोठालाई गोदामघर भनेर तोकिदिए हुन्छ', मन्त्री लेखकले भने, 'त्यसमा आधारभूत सामग्री राखौँ । ती गोदामघरलाई सङ्घ र प्रदेश सरकारले पनि आवश्यक सहयोग गरौँ । तर आधार स्थानीयलाई बनाऔँ । हामी सबै त्यसमा समन्वय गर्न तयार छौँ ।'

उनले चार वटा प्रदेशमा आपत्कालीन गोदामघर प्रदेश सरकारलाई हस्तान्तरण गरिसकिएको जानकारी दिँदै काठमाडौँबाहेक अन्य गोदामघर पनि केही समयभित्रै प्रदेश सरकारलाई हस्तान्तरण गरिने उल्ेख गरे । 'प्रदेशका विमानस्थलमा स्थापना गरिएका गोदामघरबाट विपद्का बेला एउटा कम्बल झिक्न पनि काठमाडौँमा प्राधिकरणसँग समन्वय गर्नुपर्ने स्थिति थियो', उनले भने, 'अहिले नीतिगत तहबाट निर्णय गर्दै सबै अधिकार प्रदेश सरकारलाई दिएर गोदामघर हस्तान्तरण गर्ने काम भएको छ ।'

विपद् व्यवस्थापनका विषयमा सञ्चार जगत्को महत्त्वपूर्ण भूमिका रहने गृहमन्त्रीको भनाइ छ । 'विपद्का विषय सम्बोधन हुनका लागि पूर्वसूचना समयमा हुनुप¥यो', उनले भने, 'विपद्का बेला गरिने प्रतिकार्य, राहत, पुनर्निमाण र पुनःस्थापन महत्त्वपूर्ण विषय हुन् ।' उनले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि सङ्गठित भएर सबै लाग्नुपर्नेमा जोड दिए ।

'तपाईंहरूले सिकेका ज्ञान, सीप अनुभवले यो क्षेत्रलाई व्यवस्थित गर्न, नागरिकलाई हुनसक्ने जोखिमबाट जोगाउने काम गर्न सक्छौँ', लेखकले भने, 'त्यसका लागि सङ्गठित रूपले अगाडि बढ्नसके परिणाम दिनेछ । जोखिम न्यूनीकरण गर्न काम गर्न सकिन्छ ।'रासस


# नेप्से परिसूचकमा सामान्य सुधार

**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको सुधार देखिएको छ । आईतवार नेप्से परिसूचक तीन दशमलव ५८ अङ्कले बढेर दुई हजार छ सय ६१ दशमलव ६० को बिन्दुमा कायम भएको हो ।
आज तीन सय १४ कम्पनीको दुई करोड ८४ लाख ३८ हजार चार सय २८ कित्ता शेयर ८९ हजार एक सय ६१ पटक खरिदबिक्री हुँदा १० अर्ब ८७ करोड ५९ लाख ९१ हजार रुपैयाँ बराबरको कारोबार भएको छ । आजको कारोबारमा होटल तथा पर्यटन समूह शून्य दशमलव ३८, जलविद्युत् एक दशमलव शून्य छ, लगानी एक दशमलव ७७, उत्पादन तथा प्रशोधन शून्य दशमलव ४१, म्युचुअल फण्ड शून्य दशमलव २४ र व्यापार समूहको उपसूचक एक दशमलव १८ प्रतिशतले बढेको छ । अरु सबै समूहका उपसूचक घटेका छन् ।
बैंकिङ शून्य दशमलव ३९, विकास बैंक शून्य दशमलव शन्य दुई, वित्त एक दशमलव शून्य पाँच, जीवन बिमा शून्य दशमलव ११, लघुवित्त शून्य दशमलव ९४, निर्जीवन बिमा शून्य दशमलव ३३ र अन्य समूहको उपसूचक शून्य दशमलव ५७ प्रतिशतले घटेको छ ।
नेपाल माइक्रोइन्स्योरेन्स कम्पनी लिमिटेड र क्रेष्ट माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ भने विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।
कारोबार रकमका आधारमा आज सबैभन्दा बढी विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य रु ८६ करोड १७ लाख ३८ हजार बराबर खरिदबिक्री भएको छ ।रासस

# पाँच अर्बभन्दा बढी बजेट फिर्ता, ऊर्जा मन्त्रालय र एमसिए नेपालको सबैभन्दा बढी

**काठमाडौँ ।**
चालु आर्थिक वर्षका लागि छुट्याइएको बजेट खर्च नहुने जनाउँदै विभिन्न निकायबाट पाँच अर्ब रुपैयाँ भन्दा बढी बजेट फिर्ता भएको छ ।
अर्थ मन्त्रालयका अनुसार चालुभन्दा पुँजीगत शीर्षकको बजेट फिर्ता बढी छ । निकायगत रुपमा विश्लेषण गर्दा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र मिलेनियम च्यालेञ्ज एकाउन्ट नेपाल विकास समिति (एमसिए–नेपाल) को बजेट फिर्ता सबैभन्दा बढी रहेको छ ।
अर्थ मन्त्रालयका सूचना अधिकारी अम्बिकाप्रसाद खनालका अनुसार चालुतर्फ पाँच करोड ३४ लाख रुपैयाँ र पुँजीगततर्फ पाँच अर्ब तीन करोड ८१ लाख रुपैयाँ बराबर बजेट फिर्ता भएको छ । चालुतर्फ सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले ९५ लाख रुपैयाँ, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले ३९ लाख रुपैयाँ, निर्वाचन आयोगले दुई करोड ४२ लाख रुपैयाँ र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले एक करोड ५८ लाख रुपैयाँ बजेट फिर्ता गरेको हो ।
पुँजीगततर्फ सबैभन्दा धेरै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले दुई अर्ब ३५ करोड ३४ लाख रुपैयाँ फिर्ता गरेको छ । एमसिए–नेपालले दुई अर्ब रुपैयाँ बराबर बजेट फिर्ता गरेको खनालले जानकारी दिए ।
पुँजीगततर्फ बजेट फिर्ता गर्ने अन्य निकायमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले ३६ करोड ७८ लाखरुपैयाँ, परराष्ट्र मन्त्रालयले ३० करोड रुपैयाँ र महालेखा परीक्षकको कार्यालयले एक करोड ६१ लाख रुपैयाँ फिर्ता गरेका छन् ।
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावलीको व्यवस्थाअनुसार कुनै योजना तथा कार्यक्रममा विनियोजित बजेट फागुन मसान्तभित्र खर्च हुन नसकेमा र आर्थिक वर्षको बाँकी अवधिमा पनि खर्च गर्न नसक्ने अवस्था भएमा चैत १५ गतेभित्र अर्थ मन्त्रालयमा फिर्ता गरिसक्नुपर्ने प्रावधान छ ।
गत वर्ष ७० प्रतिशत बजेट फिर्ता गरेको एमसिए–नेपालले यस वर्ष करिब ५८ प्रतिशत बजेट फिर्ता गरेको छ । अमेरिकी सरकारको अनुदान सहयोगमा सञ्चालित यो परियोजनामा अमेरिकी सहयोग निरन्तर हुन्छ वा हुँदैन भन्ने अन्योल छ भने यो परियोजनाका निम्ति सरकारले छुट्याएको बजेट खर्च नहुने स्थिति छ ।
चालु आर्थिक वर्षका लागि एमसिए–नेपालले १३ अर्ब ३६ करोड रुपैयाँ बजेट पाएको थियो । उक्त रकममध्ये नौ अर्ब ९० करोड रुपैयाँ मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी) बाट अनुदान लिइने र बाँकी तीन अर्ब ४५ करोड १८ लाख रुपैयाँ आन्तरिक स्रोतबाट व्यहोर्ने अनुमान गरिएको थियो । तर एमसिए–नेपालले बजेट खर्च नगरेपछि आन्तरिक स्रोतबाट व्यहोर्ने भनिएको रकममा पनि करिब ५८ प्रतिशत बजेट अर्थ मन्त्रालयलाई फिर्ता गरिएको छ ।
चालु आर्थिक वर्षमात्र नभई गत आर्थिक वर्षमा पनि एमसिए नेपालको खर्च निकै कमजोर थियो । एमसिए–नेपालले गत आर्थिक वर्षका लागि पाएको कूल बजेटको करिब ३० प्रतिशत मात्रै खर्च गरेपछि बाँकी ७० प्रतिशत बजेट फिर्ता गरेको थियो ।
एमसिए नेपालअन्तर्गतका परियोजनामा खर्च गर्नेगरी गत आर्थिक वर्षका लागि सरकारले १० अर्ब ८४ करोड १७ लाख रुपैयाँ बजेट विनियोजन गरेकामा सात अर्ब ६० करोड ७० लाख रुपैयाँ फिर्ता गरिएको थियो । विद्युत् प्रसारणलाइन निर्माणका लागि आवश्यक पर्ने जग्गाको मुआब्जा वितरण र अधिग्रहणको काम सुस्त भएपछि लक्ष्यअनुसार बजेट खर्च हुन नसकेको हो ।रासस

# कास्की र लमजुङका पर्यटकीयस्थलको प्रवर्द्धन गरिँदै




**गण्डकी ।**
कस्केली अधिकृत समाजले कास्की र लमजुङ जिल्लाका विभिन्न धार्मिक पर्यटकीयस्थलको प्रवद्र्धनसम्बन्धी गतिविधि सञ्चालन गरिरहेको छ ।
समाजले वार्षिक कार्यक्रमअन्तर्गत कास्की र आसपासका विभिन्न धार्मिक, ऐतिहासिक, सांस्कृतिक पर्यटकीयस्थलको प्रवद्र्धनात्मक भ्रमण कार्यक्रम सञ्चालन गरिहेको जनाएको हो ।
यस वर्ष कास्की र लमजुङ जिल्लाका केही पर्यटकीय गन्तव्यलाई समेटेर थप पर्यटन प्रवद्र्धनका गतिविधि गरिने समाजका अध्यक्ष चन्द्रबहादुर सुवेदीले बताए ।
यस वर्ष लमजुङको गाउँसहरस्थित लमजुङ दरबार, मध्यनेपाल नगरपालिकास्थित इशानेश्वर महादेव मन्दिर करापुटार, मस्र्याङ्दी गाउँपालिकास्थित डा हर्क गुरुङ समाधिस्थल पार्क, अपर मस्र्याङ्दी पावरहाउस बाँध ङादी, कास्कीको रुपातालस्थित जलसिद्ध महादेवलगायत धार्मिक, ऐतिहासिक एवं पर्यटकीय गन्तव्य समेटिएको उनँले जानकारी दिए ।
प्रवद्र्धनात्मक भ्रमणका माध्यमबाट विभिन्न गन्तव्यको पर्यटन बजारमा प्रचारप्रसार गर्ने उद्देश्यका साथ बर्सेनि कार्यक्रम सञ्चालन गरिँदै आइएको उल्लेख गर्दै उनले आर्थिक समृद्धिका लागि पर्यटकीय गन्तव्यको प्रवद्र्धन आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढाउन यस्ता गतिविधिलाई प्राथमिकता दिइएको बताए ।
मस्र्याङ्दी गाउँपालिकामा आयोजित कार्यक्रममा गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङले लमजुङका अधिकांश पर्यटकीय गन्तव्य पर्यटन प्रवद्र्धनको पर्खाइमा रहेका बताए ।
हर्क गुरुङ समाधिस्थल पार्कका अध्यक्ष तीलबहादुर गुरुङले उनको योगदानलाई जीवन्त राख्न समाधिस्थल पार्क बनाइएको बताउँदै यसको संरक्षण र प्रवद्र्धन आवश्यक पर्नेमा जोड दिए ।
समाजका सचिव महेश पौडेलले यस कार्यक्रमले लमजुङ दरबारको ऐतिहासिकता, इशानेश्वर महादेवको धार्मिक एवं सांस्कृतिक महत्त्वका साथै यस क्षेत्रका विविध पर्यटकीय सम्भावनालाई उजागर गर्ने विश्वास व्यक्त गरे ।रासस

# महाकाली चार लेन पुलसँगै बनेको सडक 'भाइरल रोड'ले परिचित



**कञ्चनपुर ।**
महेन्द्रनगरस्थित महाकाली नदीमा बनेको चार लेनको पक्की पुल पर्यटकको रोजाइमा परेको छ ।
महाकालीपारिको बस्ती दोधारा चाँदनी जोड्ने यो पुलसँगै महाकाली नदी किनारमा बनेको आठ किलोमिटर सडक पर्यटकका लागि आकर्षणको केन्द्र बनेको छ । पुलसँगै बनेको सडक 'भाइरल रोड'ले परिचित छ । अहिले महेन्द्रनगर पुग्ने आगन्तुकहरू तस्बिर खिच्न र भिडियो बनाउन महाकाली चार लेन पुल पुग्ने गरेका छन् । पुल अवलोकनका लागि यहाँ आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या दिनप्रतिदिन बढ्दै गएको छ ।
पुल अवलोकन गर्न आएका शुक्लाफाँटा नगरपालिका–१ का मदन रानाले सामाजिक सञ्जालबाट महाकाली पुलबारे थाहा पाएपछि परिवारसहित यहाँ घुम्न आएको बताए । 'फेसबुक र टिकटकमा धेरैले यहाँको फोटो÷भिडिओ राखेको देखेर मलाई पनि आउन मन लाग्यो', उनले भने, 'साँझका बेला यहाँ घुम्न अत्यन्त रमाइलो ठाउँ रहेछ ।' पछिल्लो समय यहाँ फोटो र भिडियो बनाउनेको भीड लाग्ने गर्छ । स्थानीयका अनुसार यहाँ छिमेकी मुलुक भारतबाट पनि पर्यटक आउने गरेका छन् ।
पुलमा आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो लाग्ने गरेको स्थानीयवासी अमिर तिरुवा बताउँछन् । 'यहाँ महेन्द्रनगर, भारतीय सीमावर्ती सहर र बाहिरी जिल्लाबाट पनि मानिस आउने गरेका छन', उनले भने, 'पछिल्लो समय दोधारा चाँदनी झोलुङ्गे पुल जाने पर्यटक पनि यहाँ पुग्ने गरेका छन् ।' उनले यहाँ विभिन्न म्युजिक भिडियोसमेत छायाङ्कनका हुने गरेको बताए ।
पुलबाट महाकाली नदी, दोधारा चाँदनी झोलुङ्गे पुल, शारदा ब्यारेजको अवलोकन गर्न सकिन्छ । साँझका बेला सूर्यास्तको सुन्दर दृश्यलाई पृष्ठभूमिमा राखेर पुलबाट तस्बिर कैद गर्न सकिने भएकाले पनि साँझको समय फोटो खिच्नेको भीड नै लाग्ने गरेको छ । विसं २०७४ देखि निर्माण सुरु भएको पुल निर्माण सम्पन्न भएर सञ्चालनमा आए पनि पुलसँगै बन्ने अन्य संरचना निर्माणाधीन अवस्थामा छन् ।
पुललाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न महाकाली पुल आयोजना कार्यालय महेन्द्रनगरले पुलसँगै चारवटा पोखरी निर्माण गर्न लागेको छ । त्यसकै छेउछाउमा पाँच हजार बिरुवा रोप्ने योजना छ ।
महाकाली नदीमा पुल निर्माण गरिरहेको कुमार सिएफइसी जेभीका इञ्जिनियर किशोरराज पाण्डेयले पुलसँगै महाकाली नदी किनारमा पर्यटकलाई आकर्षित गर्न टापुसहितका चारवटा पोखरी निर्माण हुन लागेको जानकारी दिए । 'पुलको वारिपारि चारवटा पोखरी निर्माण हुन्छन्, त्यसमा टापु पनि छ, पर्यटकले बोटिङ गरेर त्यो टापुमा जान सक्छन् ।' उनले भने, 'पोखरीसँगै हरियाली बनाउन पाँच हजार बिरुवा रोप्छौँ, यसले पर्यटक आकर्षित हुनेछन् ।' उनले पछिल्लो समय पुल अवलोकनका लागि दैनिक दुई–तीन सय जना पुग्ने गरेका बताए ।
महाकाली पुल आयोजना कार्यालयका अनुसार पुलको उत्तरपट्टि एक वर्ग किलोमिटरभन्दा ठूला दुई तथा दक्षिणतर्फ शून्य दशमलव तीन वर्गकिलोमिटरका दुई गरी चारवटा पोखरी निर्माण हुँदैछन् । अहिले पोखरीका लागि बाँध बाँध्ने काम निर्माणाधीन अवस्थामा छ ।रासस

# क्यानडामा भिड माथी कार कुदाइयो हालसम्म ८ जनाको मृत्यु



**टोरोन्टो ।**
शनिबार राति भ्यानकुभरमा एक सांस्कृतिक कार्यक्रमको क्रममा ठूलो दुर्घटना भएको छ ।
तीव्र गतिमा रहेको कार भीडमा ठोक्काएकोले धेरैको ज्यान गएको र धेरै घाइते भएको अन्तराष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।
यो घटना इस्ट ४१ औं एभिन्यू र फ्रेजर स्ट्रिट नजिक राती ८ बजे भएको थियो । 'लापु लापु डे' नामको फिलिपिनो सांस्कृतिक महोत्सव चलिरहेको थियो, जसमा हजारौं मानिसको सहभागिता थियो ।प्रत्यक्षदर्शीका अनुसार कालो अडीको एसयूभी तीव्र गतिमा भीडमा अचानक प्रवेश गरेको थियो । स्थानीय सञ्चारमाध्यमका अनुसार यस दुर्घटनामा एक बालक सहित कम्तीमा ८ जनाको मृत्यु भएको छ ।६ जनाभन्दा बढी गम्भीर घाइते भएका छन् र उनीहरुलाई अस्पतालमा भर्ना गरिएको छ । प्रहरीले घटनास्थलबाट ३० वर्षीय स्थानीय व्यक्तिलाई पक्राउ गरेको छ ।
उनले नियतवश यस्तो गरेको हो वा अरु कारण थियो भन्ने खुल्न सकेको छैन । प्रहरीले यस विषयमा गहिरो अनुसन्धान गरिरहेको छ ।
भ्यानकुभरका मेयर केन सिम र क्यानडाका प्रधानमन्त्री मार्क कार्नीले घटनाप्रति दुःख व्यक्त गर्दै पीडित परिवारप्रति समवेदना व्यक्त गरेका छन् ।
यो घटनाले फिलिपिनो समुदाय र भ्यानकुभर सहरको लागि गहिरो आघात हो ।एजेन्सी

# काश्मिरमा ९ आतंकवादीको घरमा बिष्फोट १८८ जना हिरासतमा, २५ सयसँग सोधपुछ




**नयाँ दिल्ली ।**
पहलगाम नरसंहार पछि भारतीय सुरक्षा एजेन्सीहरूले शनिबार कश्मीरमा आतंककारी र तिनीहरूको नेटवर्कलाई पूर्ण रूपमा नष्ट गर्न चौतर्फी हमला गर्न जारी राखेका छन् ।
धेरै आतंकवादीहरुको घर ध्वस्त गर्नुका साथै पूर्व आतंकवादी र उनीहरुका भूमिगत कामदारहरुको पहिचान, सोधपुछ र उनीहरुको घरमा खोजीसमेत गरिरहेको छ ।
श्रीनगरमा मात्रै ६४ आतङ्ककारी र भूमिगत कामदारहरूको लुकेर बसेको अनुमान गरिएको छ । अनन्तनागमा १८८ जनालाई हिरासतमा राखेर सोधपुछ भइरहेको छ, जबकि कश्मीरका अन्य भागहरूसहित लगभग २ हजार ५०० मानिसहरूलाई सम्बन्धित पुलिस स्टेशनहरूमा सोधपुछको लागि बोलाइएको छ ।
उता, २४ भन्दा बढी जेलमा रहेका आतंककारी र भूमिगत कामदारहरूलाई पनि सोधपुछ गरिएको छ । विभिन्न ठाउँमा विशेष चेकपोस्ट स्थापना गरिएको छ । पछिल्ला दुई दिनमा यी नाकाबाट आतंकवादीका ६ सहयोगी हतियारसहित पक्राउ परेका छन् ।
शनिबार बिहान कुलगाममा लश्कर आतंकवादी शाहिद अहमद कुटे र आतंकवादी जाकिरको शोपियानमा घर ध्वस्त पारिएको थियो। दुवै लश्करका आतंकवादी सूचीकृत रहेका थिए । कुपवाडामा पनि लश्कर आतंकवादी फारुकसहित दुई आतंककारीको घर ध्वस्त पारिएको छ। शनिवार साँझ शोपियानको जैनापोरामा टीआरएफ आतंकवादी अदनान शफी डारको घर पनि ध्वस्त पारिएको थियो ।
पछिल्लो २४ घण्टामा सुरक्षा बलले यो उपत्यकामा नौ आतङ्ककारीको घर विस्फोटक पदार्थसहित ध्वस्त पारेको भारतीय सञ्चारमाध्यमले जनाएका छन् ।एजेन्सी

# रियललाई ३–२ ले हराउँदै बार्सिलोनाले जित्यो उपाधि



**काठमाडौं ।**
कोपा डेल रे कपको रोमाञ्चक फाइनलमा बार्सिलोनाले रियल म्याड्रिडलाई अतिरिक्त समयमा ३–२ ले पराजित गर्दै उपाधि कब्जा गरेको छ ।आइतबार बिहान सम्पन्न खेलमा दुवै टोलीबीच कडा प्रतिस्पर्धा भएको थियो । २–२ को बराबरीमा खेल अतिरिक्त समयमा पुगेपछि, खेल सकिन चार मिनेट बाँकी रहँदा जुल्स कुन्डेले निर्णायक गोल गर्दै बार्सिलोनालाई विजयी बनाए ।खेलको सुरुआत बार्सिलोनाले आक्रामक बनाएको थियो । २८औँ मिनेटमा पेड्रीले उत्कृष्ट गोल गर्दै बार्सिलोनालाई अग्रता दिलाएका थिए । तर, रियल म्याड्रिड पनि चुप लागिरहेन । केलिएन एम्बाप्पेले फ्रिकिकमार्फत गोल गर्दै रियललाई खेलमा फर्काए । त्यसको सात मिनेटपछि एसियल थाउचेमेनीले थप गोल गर्दै रियललाई २–१ को अग्रता दिलाए ।
८४औँ मिनेटमा फेरान टोरेसले लामिन यमालको पासमा गोल गर्दै बार्सिलोनालाई बराबरीमा ल्याए । त्यसपछि थपिएको समयमा कुन्डेको गोलले नतिजा टुंग्यायो ।
खेलको अन्तिम क्षणमा एक नाटकीय मोड आ यो। राफिन्हा बक्समा लडेपछि रेफ्रीले बार्सिलोनालाई पेनाल्टी दिएका थिए । तर, भिएआर जाँचपछि उक्त निर्णय उल्टाइयो र अभिनय गरेको आरोपमा राफिन्हालाई पहेँलो कार्ड देखाइयो ।

# मातातीर्थमा बिहानैदेखि दर्शन गर्ने भक्तजनको घुइँचो

**काठमाडौँ ।**
काठमाडौँको चन्द्रागिरि नगरपालिकास्थित मातातीर्थ कुण्डमा आईत बिहानैदेखि स्नान तथा दर्शन गर्ने भक्तजनको घुइँचो लागेको छ ।
प्रत्येक वर्ष वैशाख कृष्णपक्ष औँसीका दिन जन्मदाता आमालाई सम्मान गरी मनाइने मातातीर्थ औँसीमा चन्द्रागिरि नगरपालिका–६ स्थित मातातीर्थ कुण्डमा स्नान तथा आमाको प्रतिमाको दर्शन गर्न भक्तजनको घुइँचो लाग्ने गर्दछ । भक्तजन अघिल्लो दिन साँझदेखि आमाको सम्झनामा बत्ती बालेर जाग्राम बस्नुका साथै बिहान मातातीर्थ कुण्डमा स्नान गर्ने गर्दछन् । मातातीर्थ संरक्षण तथा विकास संस्थाका अध्यक्ष शान्त उदासले भक्तजनलाई व्यवस्थित रूपमा कुण्डमा स्नान



गर्ने व्यवस्था मिलाइएको जानकारी दिए । मातातीर्थ कुण्डमा दर्शन गरेमा आमा दिवङ्गत हुने छोराछोरीले आमालाई तिर्नुपर्ने ऋणबाट मुक्त हुने विश्वास रहेकाले भक्तजन यहाँ आउने गरेका उनले बताए । आज मातातीर्थ औँसीलाई आमाको मुख हेर्ने पर्वका रूपमा देशभर आमालाई मीठामीठा खानेकुरा खान दिई श्रद्धा भक्तिसाथ मनाइँएको छ । शास्त्रमा पिताभन्दा पनि ठूली मानिएकी आमाप्रति श्रद्धा, भक्ति, सम्मान र आदर गर्ने तथा आमाबाट शुभाशीर्वाद थाप्ने दिनका रूपमा यो पर्वलाई लिइने गरिएको अध्यक्ष उदासले बताए ।
छोराछोरी आज बिहानै उठी नुहाएर आफ्नी आमालाई राम्राराम्रा लुगा दिने, मीठामीठा, तागतिला खानेकुरा खान दिई आशीर्वाद थाप्ने चलन छ । आमा नभएकाले भने आमालाई तर्पण र पिण्ड तथा पुरोहितलाई सिदा दानसहित भोजन गराई दिवङ्गत आमा र उहाँले गरेका महान् एवम् कष्टकर काम सम्झने गर्दछन् । मातातीर्थ मेलाका अवसरमा आज चन्द्रागिरि नगरपालिकाले नगरभित्र सार्वजनिक बिदासमेत दिएको छ ।रासस

# लालपुर्जा पाएपछि धार्चेका भूमिहीन दलित परिवार खुसी

**गोरखा ।**
धार्चे गाउँपालिकाले भूमिहीन दलित परिवारलाई शनिबार जग्गाधनी पुर्जा (लालपुर्जा) वितरण गरेको छ । गाउँपालिकाका अध्यक्ष लक्ष्मण गुरुङले भूमि समस्या समाधान आयोग जिल्ला समिति मार्फत भूमिहीन दलित परिवारलाई लालपुर्जा उपलब्ध गराइएको जानकारी दिए । मङ्गले विक, राजु विक ,आइतसिंह कामी र रामबहादुर कामीलाई जग्गाको पुर्जा प्रदान गरिएको हो ।
विसं २०८० चैतमा नै गाउँपालिकाले आयोगसँग समन्वय गरी भूमिहीन दलितलाई पुर्जा वितरणको अन्तिम तयारी गरेको भए पनि सरकारले तत्कालीन आयोग खारेज गरेपछि पुर्जा वितरणको काम झन्डै डेढ वर्षदेखि रोकिँदै आएको थियो ।
गाउँपालिकामा भूमिहीन सुकुम्बासीको भने कुनै निवेदन नपरेको गाउँपालिकाका अध्यक्ष गुरुङको भनाइ छ । धार्चेमा अव्यवस्थित बसोबासी भने दुई सय ५० भन्दा बढीको निवेदन परेको र उनीहरूलाई जग्गाधनी पुर्जा उपलब्ध गराउनका निम्ति आवश्यक प्रक्रिया अघि बढाएको जनाइएको छ ।
गण्डकी प्रदेशसभाका सदस्य नन्दप्रसाद न्यौपानेले दलित पविारलाई पुर्जा हस्तान्तरण गरे । विसं २०७९ असारमा आयोगसँग गोरखाका ११ स्थानीय तहले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउन प्रक्रिया अगाडि बढाउने सहमति गरेका थिए ।
वर्षौंपछि आफूले खेतीपाती गर्दै आएको जग्गाको पुर्जा पाएपछि धार्चेका भूमिहीन दलित परिवार खुसी भएका छन् । 'आफ्नो नाममा जग्गाको पुर्जा नपाई मरिन्छ कि भन्ने लागेको थियो, भूमिहीन दलितमध्येका एक आइतसिंहले भने, गाउँपालिकाले पहल गरेर पुर्जा आफ्नै नाममा दिनुभयो, धेरै खुसी लागेको छ ।'रासस

# भेरी अस्पतालमा भएको आगलागीबाट चार करोडको क्षति

**नेपालगञ्ज ।**
बाँकेको नेपालगञ्जस्थित भेरी अस्पतालको मेडिकल स्टोरमा शनिबार भएको आगलागीबाट चार करोड रुपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ ।
मेडिकल स्टोरभित्र राखिएको फ्रिजमा विद्युत् सर्ट सर्किट भई आगलागी हुँदा यहाँ रहेका औषधि, उपकरण, कम्प्युटरलगायत सामग्री जलेर नष्ट भएका अस्पतालका मेडिकल सुपरिटेण्ड डा निराजन सुवेदीले जानकारी दिए ।
उनका अनुसार सो घटनाको छानबिनका सन्दर्भमा अस्पताल विकास समितिका अध्यक्ष वीरेन्द्र शाहको अध्यक्षतामा बसेको बैठकले अस्पताल विकास समितिका सदस्य डा डक्ट धितालको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको छ । समितिले चार दिनभित्र प्रतिवेदन बुझाउने छ । आगलागीका कारण आजदेखि दुई दिनसम्म भेरी अस्पतालको बहिरङ्ग (ओपिडी) सेवा बन्द गरिएको अस्पतालका मेसु डा सुवेदीले बताए । आगालागी भएको मेडिकल स्टोर र ओपोडी सेवा एउटै भवनमा रहेकाले पनि काम गर्न असहज हुने देखिएपछि ओपिडी सेवा बन्द गरिएको उनले उल्लेख गरे ।
अस्पतालमा प्रयोग हुने सबै प्रकारका औषधिसँगै उपकरण र प्रयोगशालामा प्रयोग हुने महँगो मूल्य पर्ने भ्याक्सिनलगायत सबै जलेर नष्ट भएकाले पनि ओपिडी सेवा प्रभावित भएको सुवेदीले बताए ।
उनका अनुसार आगलागीबाट केही कोठाका फर्निचर र कागजपत्रहरू पनि जलेर नष्ट भएका छन्
शनिबार आगलागी भएकाले मेडिकल स्टोरभित्र कर्मचारी र बाहिर बिरामी तथा अन्य मानिसहरू नरहेकाले मानवीय क्षति हुन नसके पनि भौतिक क्षति भने भएको अस्पतालले जनाएको छ ।
मेडिकल स्टोरमा आगलागी भएलगत्तै तत्काल दमकल र प्रहरीलाई खबर गरिएकाले दमकल, अस्पतालका कर्मचारी र सुरक्षाकर्मीको सहयोगमा आगो नियन्त्रणमा लिइएको अस्पतालका सूचना अधिकारी डा सङ्केत रिसालले जानकारी दिए ।
उनका अनुसार आगलागीबाट मेडिकल स्टोरमा रहेका अधिकांश औषधि जलेर नष्ट भएका छन् ।
आगलागीको कारण विद्युत् सर्ट भएको हुनसक्ने अनुमान गरिए पनि घटनाको थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ । आगलागी नियन्त्रण गर्न करिब दुई घण्टा लागेको थियो ।रासस

# सुडी समाज काठमाडौँको अध्यक्षमा महतो निर्वाचित

**काठमाडौ ।**
सुडी समाज काठमाडौँको आईतवार सम्पन्न १४औँ वार्षिक साधारणसभाले शीतलप्रसाद महतोको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति सर्वसम्मत रूपमा चयन गरेको छ ।
'सुडी समुदायको स्वाभिमान, सम्मान र पहिचानका लागि सशक्त समाज' भन्ने मूल नाराका साथ सम्पन्न साधारणसभाले समाजको प्रथम उपाध्यक्षमा शङ्कर साह सुडी र उपाध्यक्षमा विनय गामीलाई चयन गरेको छ ।
महासचिवमा डा प्रकाशचन्द्र पञ्जियार, सचिवमा वीरेन्द्रकुमार साह, कोषाध्यक्ष विनोद महासेठ र सह–कोषाध्यक्षमा अञ्जु चौधरीलाई चयन गरिएको छ । सुडी समाज महासङ्घ नेपालका अध्यक्ष परमेश्वर महासेठले सुडी समुदायको विकास र उन्नयनका लागि नयाँ योजना तथा दृष्टिकोण आवश्यक रहेको उल्लेख गरे । उनले अनुशासित, मर्यादित समाजको निर्माण गर्न हरेक



अभिभावकले आफ्ना बालबालिकालाई उचित र समयसापेक्ष शिक्षा दिनुपर्नेमा जोड दिए ।
समाजका पूर्वअध्यक्षद्वय प्रा डा रामनन्दनप्रसाद चौधरी र डा अशोक महासेठ, समाजका अग्रज डा शङ्करप्रसाद सुडीलगायतले सुडी समुदाय र जातिको हकअधिकार, भाषा, धर्म, संस्कृति र पहिचानयुक्त आत्मसम्मानको प्रत्याभूतिका लागि समाजका अगुवाले सक्रियतापूर्वक लाग्नुपर्ने आवश्यकता औँल्याए ।
समाजका उपाध्यक्ष अनिता निराला र समाजका अगुवा डा वैजनाथ महतोले समाजको विकास र समृद्धिका लागि सबैले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नेमा जोडमा दिए । समाजका नवनिर्वाचित अध्यक्ष महतोले समाजभित्रको यथार्थता आत्मसात् गरेर सुडी समाजको सङ्गठनात्मक सुदृढीकरण र समाजको उन्नयनका लागि सम्बन्धित सबै पक्षबीच सहयोग, समन्वय र सहकार्य गरी अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।
सुडी समुदायका व्यक्तिहरूबीच मैत्रीपूर्ण एंव पारस्परिक सम्बन्ध कायम गरी आपसी सहयोग र समझदारीको विकास गर्ने तथा सामाजिक, शैक्षिक, स्वास्थ्यलगायत क्षेत्रको विकास, उन्नयन र कल्याणका लागि सुडी समाज काठमाडौँ २०५८ सालमा स्थापन भएको हो ।रासस

# मह जोडीले पार गरे सहकार्यको ४५ वर्ष

**काठमाडौँ ।**
'मह जोडी' अर्थात् मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य । नेपाली रङ्गमञ्चमा मह जोडीका नामले स्थापित उनिहरू 'एकै रथका दुई पाङ्ग्रा'का रुपमा सहकार्य गरिरहेका छन ।
राष्ट्रिय तथा अन्तरराष्ट्रिय रङ्गमञ्चहरूमा प्रहसन, टिभी शृङ्खलाको निर्माण गर्दै आमदर्शकको मन जित्न सफल वरिष्ठ कलाकर्मी श्रेष्ठ र आचार्य नेपाली समाजमा उदाहरणीय एवं अनुकरणीय व्यक्तित्वका रुपमा परिचित छन । मह जोडीका रुपमा उनिहरूको सहकार्यले आज वैशाख १४ गते ४५ वर्ष पूरा भएको छ । करिब आधा शताब्दीसम्म निरन्तर रुपमा जोडी बनेर दर्शकको मन जित्नसक्नु र आफ्ना लागि एउटा सम्मानित पहिचान स्थापित गर्नसक्नु नै उनिहरू दुईको इमान्दारिताको उदाहरण हो ।
यो ४५ वर्षको सहकार्यमा मह जोडी बनेर काम गर्दा दुवै कलाकारले नामसँगै दाम पनि कमाए । तर, जति लाभ हुन्छ, त्यति नै लोभ बढ्ने सम्भावना पनि हुन्छ । यसको प्रभाव पनि यो जोडीले हावी हुन् दिएनन् । फलतः सहकार्यको झण्डै आधा शताब्दी कलासाधनामा समर्पित भई दर्शकसहित आमनेपालीको मन जित्न मह जोडी सफल भएको देखिन्छ ।
यसै सन्दर्भमा अभिनेता आचार्यले आफूलाई भाग्यमानी पुस्ताका रुपमा बुझेका छन । किनकी कलाकारिताको दौरानमा उनिहरुले प्रविधिगत र राजनीतिक धेरै परिवर्तनलाई नजिकबाट बुझ्न पाए । 'हामीले रङ्गमञ्चमा प्रहना गर्यौं, क्यासेट बनायौँ, टेलिभिजनका लागि शृङ्खला बनायौँ, चलचित्रमा पनि काम गरायौँ, त्यसकारण पनि म र मदन दाई भाग्यमानी पुस्ता बन्न पुग्यौँ । हामीले सबै माध्यममार्फत् आफ्नो कामलाई देखाउने मौका पायौँ । अहिले पनि हामीले पुराना कामलाई अत्याधुनिक प्रविधिमा रुपान्तरण गरेर 'डिजिटल' रुपमा उपलब्ध गराएका छौँ', अभिनेता आचार्यले भने ।
उनले मह जोडीले यो यात्रा पार गर्नुमा आपसी सम्बन्ध, पारिवारिक हार्दिकता र दर्शकको माया रहेको बताए । 'दर्शकले हामीलाई एकसाथ हेर्ने इच्छा नराख्नु भएको भएँ हामीले यत्रो यात्रा पार गर्न सम्भव थिएन ।
अनि हामीलाई परिवारले सधँै सहयोग गरेर अगाडि बढ्न मद्दत ग¥यो । हाम्रो सम्बन्धमा उनीहरू हावी भएनन् । यसका साथै हामीले गरिरहेको कामले दुवै नाम दियो, एउटा स्थान बनायो । एकअर्कासँग कहले आरिस (इगो) राखेनौँ, सधैँ दर्शकको भावनाअनुरुप प्रस्तुत भइरह्यौँ' अभिनेता आचार्यले भने ।
यसैगरी अभिनेता श्रेष्ठले मिलेर काम गरेमा त्यसले सफलता दिने बताए । उमेरका हिसाबले ७५ वर्ष पुग्नुभएका अभिनेता श्रेष्ठले चलचित्रसहित विज्ञापनमा अझै सक्रिय भई काम गरिरहेका छन । उनले कामका सिलसिलामा कहिले त्यसको लाभ–हानि हाबी हुन् नदिएको बताए ।
उनले भने, 'हामी कहिले पैसाको पछाडि लागेनौँ, काममै केन्द्रित भयौँ । त्यसले हामीलाई नाम र दाम दुवै दियो । फेरि दुवैको नाम र काअम एउटै छ, त्यसकारण पनि हामीले सोच्नुपर्ने केही थिएन । हामीमा इमान्दारिता छ, सद्भाव छ, सदैव एकअर्काको राम्रो भएको हेर्न र सुन्न चाहन्छौँ, त्यसैले यति लामो समयसम्म मह जोडीका रुपमा यात्रा तय गर्न सकेका हौँ ।'
उनले स्वास्थ्यले साथ दिएसम्म आफूहरू एकसाथ काम गरिरहने बताए । पछिल्लो समय दुवै जनाले एकसाथ चलचित्र 'महापुरुष' मा काम गरेका थियो ।
त्यसपछि अभिनेता आचार्यले 'महाजात्रा', 'भूठान' र 'हरिबहादुरको जुत्ता' मा अभिनय गरिसकेका छन । यस्तै अभिनेता श्रेष्ठले पनि 'पहाड' र 'परान' नामक चलचित्रमा काम गरेका छन । छुट्टिएर चलचित्रको छायाङ्कन गर्दा होस् वा



भोजमा, जहाँ जाँदा पनि एकलाई देखेपछि अर्कालाई खोज्नु स्वाभाविक छ । 'मलाई हरिजी खोइ भनेर सोध्नु भयो भने यही त छन् नी, म भित्रै छन् भनेर भन्ने गरेको छु । कार्यक्रममा मात्र होइन चलचित्रको छायाङ्कनमा पनि सोधिरहनु हुन्छ', अभिनेता श्रेष्ठले भने ।
उन दुईको कम्पनी 'मह सञ्चार'मा २०६० सालदेखि जोडिएका निर्देशक प्रदीप भट्टराई पारिवारिक सदस्य झैँ देखिन्छ । सामान्य सहयोगीका रुपमा शृङ्खलामा काम गर्न जोडिनुभएका निर्देशक भट्टराईले धेरै शृङ्खलामा मुख्यसहायक निर्देशक र केही शृङ्खलामा निर्देशक नै भएर काम गरे । चलचित्रकै सन्दर्भमा 'शत्रु गते' र 'महापुरुष' मा मह जोडीलाई निर्देशक भट्टराईले निर्देशन गरेका छन ।
'उहाँ दुई मेरा लागि जीवित भगवान् झैँ हुनहुन्छ । उहाँहरुको कर्म जस्तो छ, व्यवहार पनि त्यस्तै छ । मलाई त कर्म सिकाउने गुरू नै उहाँहरू हुनहुन्छ, मैले जे भने पनि उहाँहरूका लागि शब्द कम नै हुन्छ, मलाई एउटा छोराकै रुपमा माया गर्नुहुन्छ', निर्देशक भट्टराईले भने ।
मह जोडी एकसाथ नदेखिँदा सधैँ प्रश्न गर्ने गरिएको निर्देशक भट्टराईले देख्नु÷सुनेका छन । टेली शृङ्खलामा काम गर्दा होस् वा चलचित्रमा दुई एकसाथ नदेखिँदा प्रश्न तेर्सिनु स्वाभाविक हो । र, उहाँले मह जोडीलाई 'दुईमै एक र एकमै दुई' देखेका छन । जहाँ 'म' त्यहाँ 'ह' पनि हुने बुझाइ निर्देशक भट्टराईको छ । त्यसकारण मह जोडीलाई शीर्ष भूमिकामा लिएर गज्जबको चलचित्र बनाउने रहर उनको छ ।
'उहाँहरूको क्षमतासँग म नजिकदेखि परिचित छु, त्यसैले एउटा गज्जबको चलचित्र बनाउने रहर छ । कथा पनि सोचिरहेको छु, किनकी उहाँहरूप्रति दर्शकको अपेक्षा बढेको छ, म आफैँ पनि अभिनय गराउनकै लागि गराउने पक्षमा छैन । त्यसकारण उहाँहरूलाई पर्दामा देखाउन पाउँदा म पनि दर्शक झैँ खुसी हुन्छु', निर्देशक भट्टराईले भने ।
हास्य कलाकारका रुपमा चिनिएका मह जोडी अहिले आफूलाई फरक भूमिकामा प्रस्तुत गरिरहेका छन । अभिनेता आचार्यले अभिनय गरेका 'भूठान' मा एक दृश्यमा मात्र हाँसेको देख्न पाइन्छ । 'बलिदान' पछि पूर्णतया गम्भीर भूमिकामा अभिनेता आचार्य प्रस्तुत भएका छन । यसअगाडि अभिनेतामा हुने नवरसमध्ये हास्यरस हावी हुँदा उनिहरू हास्य कलाकारका रुपमा बढी प्रस्तुत हुनुभएको निर्देशक भट्टराईले बताए ।
'उहाँ दुई नै पूर्ण कलाकार हुनुहुन्छ । हामीले शृङ्खलामै केही फरक र भिन्न काम गरेका छौँ । मैले उहाँहरूमा अभिनेतामा हुने सबै गुणलाई देखेको थिएँ, त्यही भएर नै 'महापुरुष' चलचित्रमा केही भिन्न रुपमा प्रस्तुत गरेँ । अहिले दर्शकले पनि विस्तारै बुझ्दै हुनहुन्छ, उहाँहरू सबै किसिमका भूमिका गर्नसक्ने लोकप्रिय एवं सर्वस्वीकार्य कलाकार हुनहुन्छ', निर्देशक भट्टराईले भने ।
गत वर्षमात्र मह जोडीले विदेश र नेपालमा 'मह जात्रा' गरेका थिएँ । आउँदो समयमा पनि सँगै काम गरी सहकार्यलाई निरन्तरता दिने पक्षमा उनिहरु छन । छोटो समयमा नाता–सम्बन्ध टुट्ने अहिलेको जमानामा वरिष्ठ कलाकार श्रेष्ठ र आचार्यको दोस्ती र सहकार्यले ४५ वसन्त पार गरेका एकअर्काप्रतिको इमान्दारिता र सम्मान नै हो ।रासस

# महानगरद्वारा घर–घर पुगेर कर सचेतना

**मधेशदृष्टि**
**वीरगंज ।**



वीरगंज महानगरपालिकाले आइतबारदेखि व्यवसाय कर, घरबहाल कर र सम्पत्ति कर तिर्न सर्वसाधारणलाई प्रेरित गर्ने उद्देश्यले 'समयमै कर तिरौँ, जिम्मेवार नागरिक बनौँ' अभियान शुरु गरेको छ ।

महानगर प्रमुख राजेशमान सिंहको अगुवाइमा शुरु भएको अभियानअन्तर्गत पहिलो दिन घण्टाघर, लिंक रोड क्षेत्रमा टोली परिचालन भएको छ ।

टोलीमा महानगरका कर्मचारी, राजश्व शाखाका प्रतिनिधि र स्वयंसेवक टोलीले घर र पसलमा पुगेर करको जानकारी दिने, कर नतिर्नेको सूची संकलन गर्ने र समयमै कर तिर्न अनुरोध गर्ने कार्य भएको हो । वीरगंजलाई आर्थिक रूपमा सबल बनाउँदै नगर विकासलाई तीव्र बनाउनु नै अभियानको मुख्य उद्देश्य रहेको महानगर प्रमुख सिंहले बताए । 'सडक, ढल निकास, फोहोर व्यवस्थापन, शिक्षा, स्वास्थ्य तथा पार्क र खेलमैदान जस्ता पूर्वाधार विकासका लागि आम्दानी वृद्धि अनिवार्य छ । कर तिर्ने संस्कारले मात्र हामी समृद्ध र सुन्दर वीरगंज बनाउन सक्छौँ,' सिंहले भने ।

महानगरपालिकाले कर नतिर्ने वा लुकाउने व्यक्तिहरूमाथि कारबाही प्रक्रिया पनि अगाडि बढाउने तयारी गरेको छ । कर तिर्न सहज बनाउन महानगरमा छुट्टै सहायता कक्ष स्थापना गरेर करसम्बन्धी परामर्श तथा सहयोग सेवा उपलब्ध गराइन शुरु गरिएको महानगरका प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्णले बताए ।

# ३२ महिनामा १६ औजार विकास

**वीरगंज ।**
राष्ट्रिय आविष्कार केन्द्रले वीरगंजको कृषि औजार कारखाना सञ्चालन र व्यवस्थापनको जिम्मेवारी लिएको ३२ महिनामा १६ थरिका कृषि औजार अनुसन्धान तथा विकास गरेको छ । कृषि औजार कारखाना वीरगंजका प्रमुख तथा इञ्जिनियर रितेश देवले कारखानामा १६ थरिका कृषि औजार अनुसन्धान र विकास गरेको जानकारी दिए ।

'केन्द्रले अहिले नेपालका लागि आवश्यक पर्ने कृषि औजार अनुसन्धान तथा विकास गर्दै आइरहेको छ,' उनले भने, 'अहिलेसम्म साना–ठूला गरेर १६ थरिका औजार अनुसन्धान र विकास गरेका छौँ ।' केन्द्रले पराल काट्ने, धान काट्ने (रिपर), दाना बनाउने, धान रोप्ने सानो मेसिन (रिपर), घाँस खुर्किने, ड्याङ बनाउने, खाल्डो खन्ने हाते औजार, आलु रोप्ने, आलु गोड्ने, साना ट्र्याक्टरमा राख्ने कल्टिभेटर, हाते प्रेस मेसिन, प्लास्टिक ओछ्याउने, केराको फाइबर निकाल्ने, गोबर पेल्ने, कोदो रोप्ने मेसिन, चाँप कटर, हाते औजारमा बञ्चरो, खुँडा, साना कुटो कोदाली, चाँपलगायत घरायसी प्रयोजनमा प्रयोग हुने कृषि औजार तयार पारिसकेको छ ।

'केन्द्रमार्फत कारखानामा अहिले अनुसन्धान र विकासकै चरणमा भएकाले पनि ठूलो मात्रामा व्यावसायिक रूपमा उत्पादन हुन सकिरहेको छैन । यद्यपि सामान्य खालका औजार भने बिक्री वितरण भइरहेको छ,' उनले भने, 'कोही शुभचिन्तक यहाँ आएर नै कहिलेकाहीँ यहीँ उत्पादन भएका कृषि औजार खरिद गरेर लैजाने गर्नुभएको छ ।'

कारखानाका प्रमुख देवले केन्द्रले केही समयअघि ५० लाख रुपैयाँ खर्चेर सिएनसी मेसिन ल्याएसँगै औजार उत्पादनमा सहजीकरण र सरलता ल्याएको जानकारी दिए । 'सिएनसी मेसिनले नयाँ औजार उत्पादनभन्दा पनि काम गर्नका लागि निकै सहजता गराइरहेको छ । यहाँका कार्यरत इञ्जिनियर तथा अन्य प्राविधिक कर्मचारीलाई काम गर्न सजिलो र सहजता प्रदान गर्दै आइरहेको छ ।' कृषि औजार कारखाना वीरगंजमा ३६ जना कार्यरत छन् । कारखानाका प्रमुख देवले तीनवटै तहका सरकार बजेट निर्माणको पूर्वसन्ध्यामा रहेकाले पनि कृषि औजार कारखानाका लागि आवश्यक पर्ने फलामको कच्चा पदार्थमा भन्सार छुटको व्यवस्था गरिदिनका लागि माग गरेका छन् ।

'तयारी अवस्थाका कृषि औजारमा एक प्रतिशतमात्र भन्सार शुल्क लाग्ने गर्छ । तर औजार निर्माणका लागि आवश्यक पर्ने फलामलगायत कच्चा पदार्थको आयातमा कम्तीमा पनि २० प्रतिशत पर्न जाने गर्छ,' उनले भने, 'विदेशमा बनाइएका तयारी कृषि औजारसँग स्वदेशमा निर्माण गर्ने औजारलाई प्रतिस्पर्धी बनाउन गाह्रो भइरहेको छ । यसले पनि उत्पादनमा धेरै समस्या ल्याइरहेको छ ।' प्रमुख देवले कृषिका लागि आवश्यक पर्ने कच्चा फलामको आयातमा धेरै करको दर भएकाले पनि कृषि औजार कारखाना लागि आवश्यक पर्ने कच्चा पदार्थमा सहुलियत वा छुटको व्यवस्था गरिदिनका लागि आग्रह गरे ।

तत्कालीन सोभियत सङ्घको आर्थिक र प्राविधिक सहयोगमा वीरगंजस्थित कृषि औजार कारखाना सञ्चालनमा ल्याइएको थियो । कारखाना २०२४ फागुन २८ गते सञ्चालनमा आएको थियो । कारखानाले सुरुआती चरणमा कृषि औजारको उत्पादन गरेर स्वदेशमा मात्र होइन, विदेशमा निर्यात गर्दै आइरहेको थियो । तर कारखाना व्यवस्थापनमा भएका कमीकमजोरीले अन्ततः २०५९ सालसम्म आइपुग्दा कारखाना बन्द हुने अवस्थामा आइपुग्यो । कृषि तथा पशुपन्छी मन्त्री रामनाथ अधिकारीले कृषि औजार कारखानालाई आवश्यक पर्ने सहयोगका लागि आफूले सहजीकरण गर्दै आएको जानकारी दिए । उनले भने, 'मैले कृषिमन्त्रीको पदभार सम्हालेपछि कारखानाको स्थलगत अवलोकन एवं जानकारी लिएँ । कारखानालाई सद्दढ बनाउँदै व्यवसायीक उत्पादन गर्न आवश्यक सहयोग गर्न म तयार छु ।'

२०७९ भदौ ३१ गते बसेको मन्त्रिपरिषद् बैठकले दुई दशकदेखि बन्द अवस्थामा रहेको कृषि औजार कारखानाको व्यवस्थापन र सञ्चालनका लागि राष्ट्रिय अविष्कार केन्द्रलाई १० वर्षका लागि उपलब्ध गराउने निर्णय गरेसँगै कृषि औजार कारखानाले पुनर्जीवन प्राप्त गरेको हो । २०७९ असोज ११ गते अर्थ मन्त्रालयका तत्कालीन सहसचिव रमेश केसी र राष्ट्रिय अविष्कार केन्द्रका अध्यक्ष महावीर पुनले सम्झौतामा हस्ताक्षर गरेका थिए । तर केन्द्रले औपचारिक रूपमा काम शुरु भने २०७९ साल माघमा मात्र थालेको हो । पुन नेतृत्वको राष्ट्रिय आविष्कार केन्द्रको काँधमा कृषि औजार कारखाना आउँदा कारखानाको अवस्था भने निकै दयनीय अवस्थामा थियो । रासस

# कश्मिरमा हत्या गरिएकाको सम्झनामा श्रद्धाञ्जली




**मधेशदृष्टि**
**वीरगंज ।**
भारतको कश्मिरमा इस्लामिक आतंकी समूहद्वारा हत्या गरिएका नेपालीसहितका भारतीय निर्दोष नागरिक र अन्य देशका पर्यटकको सम्झनामा श्रद्धाञ्जली कार्यक्रम गरिएको छ । कार्यक्रममा आतंकी आक्रमणमा संलग्नहरुलाई कारबाहीको दायरामा ल्याउन माग गरिएको थियो ।

तराई मधेश महिला फाउन्डेसन वीरंगजले गरेको कार्यक्रममा मृतकहरुको सम्झनामा मैनबत्ती प्रज्ज्वलन गरेर चिरशान्तिको कामना गरिएको थियो । कार्यक्रम फाउन्डेसनकी अध्यक्ष सुनिता साहको अध्यक्षतामा भएको हो ।

# क्लबस्तरीय टि–ट्वान्टी क्रिकेट प्रतियोगिताको पाँचौँ संस्करण शुरु

**मधेशदृष्टि**
**सप्तरी ।**
अन्तर जिल्ला क्लबस्तरीय टि–ट्वान्टी क्रिकेट प्रतियोगिताको पाँचौ संस्करण शुरु भएको छ । क्रिकेट विकास प्रतिष्ठान सप्तरीको आयोजना तथा क्रिकेट संघ सप्तरीको प्राविधिक सहयोगमा आइतबारदेखि स्थानीय पवि माविको खेल मैदानमा प्रतियोगिता शुरु भएको हो ।



प्रतियोगिताको बलान बिहुल गाउँपालिकाका अध्यक्ष खेमचन्द्र यादवले ब्याटिङ तथा वडाध्यक्ष शशी चौधरीले बलिङ गर्दै उद्घाट्न गरेका छन् । प्रतियोगिताको उद्घाटन खेलमा रुपनी राइडर्सलाई ६ विकेटले पराजित गर्दै युथ एकेडमीले विजयी शुरुवात गरेको छ । टस जितेर ब्याटिङ रोजेको रुपनी राइडर्सले १८ ओभर खेल्दै सबै विकेट गुमाई १ सय ७ रनको योगफल खडा गरेको थियो ।

प्रत्युत्तरमा १ सय ८ रनको विजयी लक्ष्य लिएर मैदानमा ओर्लेको युथ क्रिकेट एकेडमीले १६ दशमलव १ ओभरमै विजयी लक्ष्य भेट्टाएको थियो । खेलको प्लेयर अफ द म्याच युथ क्रिकेट एकेडमीका अभिषेक कार्की घोषित भए ।

यसअघि क्रिकेट विकास प्रतिष्ठानका अध्यक्ष ई. ईन्द्रनारायण देवको अध्यक्षतामा आयोजित उदघाटन समारोहमा वडाध्यक्ष रामएकवाल यादव, सप्तरी क्रिकेट संघका सचिव चन्दनकुमार यादव, अन्तराष्ट्रिय क्रिकेटर दिपेन्द्र चौधरी, क्रिकेट विकास प्रतिष्ठानका बरिष्ठ उपाध्यक्ष गणेश आश, सदस्य मंजु शारदा, मिरा देव, प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झा लगायतको उपस्थिति थियो । वैशाख २१ गतेसम्म चल्ने प्रतियोगितामा जिल्लाका ६ वटा क्रिकेट क्लबको सहभागिता

# एउटा फरक जिन्दगी जोडिएको इरिक्साको घुम्ती पसल

**मुकेश कुमार साह**
**चपुर ।**
साढे पाँच बजेको चन्द्रपुर । चोक–बजारका सटर बिस्तारै खुलिरहेका देखिन्छन् । तर एउटा पुरानो इरिक्सा सामान्य देखिने, तर विशेष उद्देश्य बोकेको, पहिल्यै बाटोमा निस्किसकेको हुन्छ । त्यो इरिक्सामा हावाको ट्यांकी जडान छ, केही पुराना तर भरपर्दो औजार छन् र त्यसलाई चलाइरहेका हुन्छन् बिनोद साह ।

कलैया–१४ बघवन, बारा घर भए पनि, उनको कर्मभूमि चन्द्रपुर हो । खासगरी चन्द्रपुर–४ स्थित मैनाली साइकल स्टोर्समा उनले वर्षौं काम गरे । त्यहीँ उनले मिस्त्री बन्ने सीप सिके, ग्राहकसँग व्यवहार सिके र जीवन गुजार्ने बाटो पनि । तर त्यो सब एकाएक बिग्रियो २०७६ सालको महामारीसँगै । स्टोर बन्द भयो, काम गुम्यो । 'एकाएक हातमुख जोड्नै गाह्रो भयो,' उनी सम्झन्छन् । काम गुमेसँगै विश्वास पनि हरायो । 'त्यसबेला कोही साथीकहाँ गएर काम माग्दा, यस्तो मन्दीमा तँलाई के काम दिनु भन्ने जवाफ आउँथ्यो,' उनी सुनाउँछन्।

त्यहीबेला एक जना चिनजानका दाइले उनलाई सल्लाह दिए । बिनोदको आत्मबल देखेर उनीहरूले चन्द्रपुरकै एउटा लघुवित्त संस्थासमक्ष सिफारिस गरे । बिनोदले आफैँले ऋण निकालेका होइनन्, त्यो दाइको सिफारिसमै लघुवित्तबाट ३ लाख रुपैयाँ ऋण स्वीकृत भयो । बिनोद भन्छन्, 'म त जान्दिनथेँ के कागज लाग्छ, कहाँ जाने । सबै उही दाइले मिलाइदिएको । आज म जे छु, उहाँकै कारण छु ।'

त्यसपछि शुरू भयो साइकल मर्मतको घुम्ती सेवा । उनले रिक्सामा हावाको ट्यांकी जडान गरे, आवश्यक औजार किने, अनि चुपचाप बिहानदेखि बेलुकासम्म गाउँगाउँ सेवा दिन थाले । मैनाली साइकल स्टोर्स बन्द भए पनि उनको सीप बन्द भएन, हिम्मत झन् खुलेको देखियो । अहिले बिनोद साह चन्द्रपुर आसपासका दर्जनौँ गाउँमा चिनिन्छन् । उनी हरेक दिन बिहान ५ बजे साइकलमा ट्यांकी बोकेर निस्कन्छन् । बाटोमा जतासुकै भेटिन्छ, चेन छुटेको, टायर पञ्चर भएको, ब्रेक बिग्रिएको । उनी त्यहीँ रोकिएर काम गर्छन् ।

त्यति मात्र होइन, उनले गाउँका चिया पसल, स्कुलको पर्खाल, बसपार्क, इलेक्ट्रोनिक्स पसलमा आफ्ना मोबाइल नम्बर टाँसेर राखेका छन् । कोही फोन गर्छन, उनी पुग्छन् । 'कतिपय त ग्राहकभन्दा पहिले साथी बनेका छन्,' उनी हाँस्दै भन्छन् । एकदिनमा कमाइ औसतमा ८ सयदेखि १ हजार रुपैयाँसम्म हुन्छ । तर त्यो पनि निश्चित छैन । कहिलेकहीँ खर्च धेरै हुन्छ, कहिलेकहीँ काम नै हुँदैन । 'कमाइ नियमित भए पनि उही ५ सय रुपैयाँ ऋण तिर्न दिनमै जान्छ,' उनी सुनाउँछन् ।

त्यो ऋण पनि आफैँले होइन, त्यही सहारा दिने दाइको सिफारिसमा लिइएको हो । त्यसैले अहिले बिनोदले किस्तामा दाइलाई पैसा तिर्दै आएका छन् । आफूले ऋण ननिकालेको भए पनि, विश्वास राख्ने मान्छेलाई धोका नदिने उनको मान्यता छ । बिनोद साहसँग न त ठूलो पसल छ, न त कोही सहयोगी । तर, एउटा हावा टंयाकी, केही औजार र एउटा थोत्रो इरिक्सा । त्यही रिक्सा चलाएर उनी गाउँगाउँ पुग्छन् । कहिले धूलोमा काम गर्नुपर्छ, कहिले घाममा । तर उनी गुनासो गर्दैनन् ।



बिनोद सादा जीवनमा विश्वास गर्छन् । उनी मोबाइल, फेसबुकजस्ता सामाजिक सञ्जालमा खासै सक्रिय छैनन् । उनी भन्छन्, 'काम गर्छु, घर जान्छु । भोलि बिहान फेरि उठ्छु । त्यही जिन्दगी हो ।' बिनोदका दुई छोरा छन् । एउटा १० वर्षका, अर्का ८ वर्षका । उनीहरू कलैया–१४, बघवनकै सरकारी विद्यालयमा कक्षा ९ र ६ मा पढ्दैछन् । श्रीमती र छोराछोरी घरमै छन् । बिनोद भने चन्द्रपुरमा एक्लै बस्छन् । जीवन चलाउने चुनौतीले उनीहरू सँगै बस्न सक्दैनन् ।

'बिहान ५ बजे उठ्छु, दिनभर गाउँगाउँ काम गरेर ८ बजेतिर मात्र फर्कन्छु । अनि हतारहतार आफैँ खाना पकाएर खान्छु, अनि सुत्छु,' उनी भन्छन् । उनीप्रति चिन्ता गर्ने घरको साथ छैन, न त खाना पकाउने सहयोग नै । सबै आफैँ गर्नुपर्ने बाध्यता छ । हुन त उनको जीवनमा धेरै गुनासो छन् । तर उनी भन्छन्, 'कहिले हाँसिन्छ, कहिले रोइन्छ, तर जिन्दगी अगाडि बढाउनै पर्छ ।' तर छोरालाई उनी आफू जस्तो मिस्त्री नबनाउने अठोटमा छन् । 'छोरालाई विदेश पठाउने सपना छ । यहाँ सधैँभरि संघर्ष मात्रै छ,' उनी सुनाउँछन् ।

उनलाई कहिलेकहीँ लाग्छ, आफूसँग एउटा नयाँ इरिक्सा भइदिए समयमै ग्राहकलाई सेवा दिन सक्थेँ । पुरानाले कहिलेकहीँ दुःख दिँदा ग्राहककोमा समयमा नपुग्दा उनलाई दुःख लाग्छ । तर दिनको कमाई र खर्चले गर्दा उनले नयाँ इरिक्सा किन्नसक्ने अवस्था नै छैन । बिनोदले देखाएका छन्, 'अवसरको पर्खाइमा नबसिकन, आफ्नै सीप र पसिनाले पनि जिन्दगी अगाडि बढ्न सक्छ । किनभने संघर्ष हार्नेहरूको होइन, जित्न चाहनेहरूको यात्रा हो ।'

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन